म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५० सोमबार १ असोज २०८० ने. सं. ११४३ गुँलागा 18 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आफ्नै सूचना



आदरणीय पाठकवृन्द, आज यान्त्रिक उपकरणका प्रणेता भगवान विश्वकर्मा बाबाको पूजाको दिन भएकोले यस दैनिक छापिने मेसिन उपकरणको पूजा गरिने भएकोले भोलि (असोज २ गते) एक दिन अखबार प्रकाशन नहुने कुरा जानकारी गराउँछौं । यसबाट सम्पूर्ण वर्गमा पर्न जाने असुविधाप्रति क्षमा चाहन्छौं ।

**सरला खनाल: सम्पादक**

साझाकुरा राष्ट्रिय दैनिक

### मकवानपुरको सामुदायिक क्याम्पस एमएमसीलाई

# प्रादेशिक विश्वविद्यालय बनाउन छलफल सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरकै पुरानो सामुदायिक शिक्षण संस्था मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउनतर्फ सरोकारवालाहरु छलफलमा जुटेका छन् । केही समयदेखि क्याम्पसलाई विश्वविद्यालयको रुपमा स्थापित गर्ने प्रयास भएको सन्दर्भमा मकवानपुर बबहुमुखी क्याम्पसलाई प्रदेश विश्वविद्यालय या सार्वजनिक विश्वविद्यालय बनाउने कामलाई अघि बढाउने थालनी भएको हो ।

यसअघि २५ असारमै बागमती प्रदेशको प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा प्रदेशको राजधानी हेटौंडामा रहेको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउनको लागि पाँच सदस्यीय समिति निर्माण गरिसकेको छ । क्याम्पसका पूर्वअध्यक्ष समेत रहेको पौडेलेको समितिमा क्याम्पसका पूर्वअध्यक्षहरु माइकल रामचन्द अर्याल, प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान रहेको समिति निर्माण भएको हो ।



समितिको सदस्यसचिवमा क्याम्पसका साहायक क्याम्पसप्रमुख डा. यम सिलवाल रहेका छन् । हेटौंडामा भएको क्याम्पस सञ्चालक समिति तथा सरोकारवालाको बैठकले प्रदेशको राजधानी हेटौंडामा विश्वविद्यालयको आवश्यक्ता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गर्न समिति निर्माण गरिएको क्याम्पसका प्राचार्य डा. शंकरप्रसाद उपाध्ययले साझाकुरालाई बताए ।

आइतवार सरोकारवाला निकायबीच क्याम्पसलाई विश्व विद्यालयको रुपमा अघि बढाउने विषयमा छलफल भएको थियो । बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले मकवानपुरकै ईतिहास हुने गरी मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा बिस्तार गरिने बताए । मुख्यमन्त्री जम्कट्टेलले मकवानपुरका सबै राजनीतिक दलको मेहेनतले यो क्याम्पस निर्माण गरेको र व्यवस्था परिवर्तन भएसँगै अहिले बागमती प्रदेशको राजधानी हेटौंडा भएपछि प्रदेशस्तरको विश्वविद्यालयको जरुरी रहेको बताए ।

'क्याम्पसलाई प्रदेशकै सार्वजनिक विश्वविद्यालय अथवा प्रदेशकै केन्द्रीय क्याम्पस बनाउने ठाउँमा हामी पुगसिकेका छौं । कानुनी प्रक्रियाहरु, ऐनले दिएको, नियमावलीले व्यवस्था गरेअनुसार अगाडि बढ्न थुप्रै चिजहरु बाँकी रहेको र यो छलफलले एउटा बाटो खुलेको छ, 'मुख्यमन्त्री जम्मकट्टेलले भने, 'धेरै महत्वपूर्ण कुरा पनि भएको प्रदेश सरकारको लागि र प्रदेश संरचनाको लागि, मकवानपुरबासीको लागि मापदण्ड केके चाहिन्छ भन्ने कुरा हाम्रो ऐनमा प्रष्टै छ ।'

उनले अहिले चलिरहेका विश्व विद्यालय जस्तै गरी यो पनि चल्नुपर्ने बताए । मुख्यमन्त्री जम्मकट्टेलले यसलाई औपचारिक रुपमा २ असोजमा उच्चशिक्षा परिषद्को बैठकले निर्णय गर्ने समेत बताएका छन् । त्यसपछि मात्रै प्रक्रिया अगाडि बढ्नेछ । उनले यसका धेरै तयारी पूरा गर्नुपर्ने ऐन र नियमावलीले भनेअनुसार पहिला सार्वजनिक विश्वविद्यालय स्थापना गर्ने र अगाडि बढ्ने बताए ।

विश्वविद्यालय निर्माण गर्न अन्य जिल्लामा दुईतीन महिना अध्ययन गरेपनि अन्तिममा सबै हिसाबले विद्यार्थी संख्या र प्रदेशको राजधानी पनि भएको हुँदा आग्रहपूर्वाग्रह नराखी मकवानपुर पहिलो प्राथमिकतामा भएको उनले बताए । सबै पुग्ने भएपनि विश्वविद्यालयका लागि जग्गा नपुग्ने हुँदा तुरुन्तै व्यवस्था गर्नुपर्ने समेत उनले बताए । मुख्यमन्त्री जम्मकट्टेलले आफू भौतिक संरचनामा खर्च नगरौं भन्ने पक्षमा रहेको समेत बताए । विश्वविद्यालयमा कृषि, स्वास्थ्य र प्राविधिक विषयलाई प्राथमिकता दिने र त्यसका लागि विज्ञहरुको प्रतिवेदन समेत दिइसकेको उनले बताए ।

त्यसैगरी पूर्वमुख्यमनत्री पौडेलले राजधानीलाई उज्यालो पाटोतिर लैजान पनि विश्वविद्यालयले मद्धत गर्ने बताए । ऐन, कानुनअनुसार प्रक्रियामा अगाडि बढाउन सरकारलाई पौडेलले सुझाव दिएका छन् । सामाजिक विकास मन्त्री कुमारी मोक्तानले अन्य जिल्लामा प्रादेशिक विश्वविद्यालय राख्ने माग भएपनि आफूले मकवानपुरमै राख्न पहल गरेको बताइन् । विद्यार्थी संख्या मात्रै नभई प्रदेशकै राजधानीको विषय भएको हुँदा पनि आफूले यसका लागि संघर्ष गरेको बताइन् । मकवानपुरमै विश्वविद्यालय निर्माण भएपछि सिंगो मकवानपुरलाई नै धेरै सहज हुने बताइन् ।

देशकै सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने क्याम्पसको रुपमा रहेको मकवानपुर बहुमुखी क्याम्पसमा दशजोड दुईदेखि विभिन्न संकायमा स्नाकोत्तरसम्मको अध्यापन हुँदै आएको छ । ६ हजार भन्दा धेरै विद्यार्थी अध्यनरत मकवानपुर बहुमुखी क्याम्पसमा मकवानपुर सहित बागमती प्रदेशको सिन्धुली, चितवन र मधेश प्रदेशको बारा, पर्सा, रौतहट, सर्लाहीसम्मका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् ।

मकवानपुरलाई शैक्षिक नगरी बनाउने उदेश्यले क्याम्पसले विभिन्न जिल्लामा आफ्ना शैक्षिक कार्यक्रमबारे कार्यशाला गर्दै आएको क्याम्पसले जनाएको छ । छलफल कार्यक्रममा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, संविधानसभा पूर्वसदस्य प्रल्हाद लामिछाने,, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, क्याम्पस संचालक समितिका अध्यक्ष अनन्त पौडेललगायतको सहभागिता रहेको थियो ।

# हेटौंडासहित देशभरका अस्पतालमा सेवा सुचारु



साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/असोज १ गते सोमबारदेखि मकवापुरसहित देशभरको स्वास्थ्यसंस्था खुला हुने भएको छ । हेटौंडास्थित सन्चो अस्पतालका डाक्टरमाथि भएको आक्रमणका दोषीलाई कानुनी कार बाहीको माग गर्दै देशभरका स्वास्थ्यसंस्थामा आकस्मिक बाहेकका सबै सेवा ठप्प पारेर आन्दोलन गरेका थिए । नेपाल चिकित्सक संघले आन्दोलनको घोषणा गरेको थियो ।

सर्वसाधारणको स्वास्थ्य सेवाको सुनिश्चिततालाई मध्यनजर गर्दै असोज १ गते सोमबारदेखि सबै स्वास्थ्यसंस्थामा स्वास्थ्यसेवा पूर्ववत संचालन गर्ने निर्णय भएको छ । घटनामा दोषिलाई पक्राउ गरी कारबाही गर्ने सुनिश्चितता प्राप्त भएकोले अस्पतालका सबै सेवा पूर्ववत संचालन गर्ने तर, स्वास्थ्यकर्मीले हातमा कालोपट्टी बाँधेर काम गर्ने बताइएको छ । स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभूतिका लागि सरकासँग माग पनि गरिएको छ । मकवानपुरका सम्पूर्ण स्वास्थ्यकर्मीले असोज १ देखि सबै आन्दालन स्थगित गरी सेवा सुचारु गर्न नेपाल चिकित्सक संघसमक्ष आग्रह गरेको छ ।

संघले विज्ञप्ति जारी गर्दै आइतबार देशभरका सम्पूर्ण सरकारी स्वास्थ्य संस्था, अस्पताल, मेडिकल कलेज, निजी अस्पताल तथा क्लिनिकमा आकस्मिक सेवा बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा पूर्णरुपमा बन्द गर्ने घोषणा गरेको थियो । सन्चो अस्पतालमा कार्यरत डा. विकास थापा र डा. प्रशान्त बिडारीमाथि भदौ २७ गते बिरामीको विषयलाई लिएर आक्रमण भएको थियो । चिकित्सकद्वय थापा र बिडारीमाथि भएको आक्रमणका दोषीलाई कानुनी दायरामा ल्याउन भन्दै संघले घटना भएकै दिन सरकारलाई ७२ घण्टे अल्टिमेटम दिएको थियो ।

घटनामा संलग्न दोषीको छानबीन गरी फौजदारी अभियोग तथा स्वास्थ्यकर्मी तथा स्वास्थ्यसंस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन २०७९ बमोजिम कानुनी कारबाहीको सुनिश्चितता हुनुपर्नेमा माग संघले गरेको थियो । विज्ञप्तिमा देशभरका स्वास्थ्य संस्थामा अनिवार्यरुपमा स्वास्थ्यसंस्थामा सुरक्षा बलको व्यवस्था गरी भयरहित वातावरणमा स्वास्थ्यसेवाप्रवाह गर्ने व्यवस्था मिलाउन समेत माग गरिएको थियो ।

# भीमफेदी र बागमतीमा दुईवटा शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरमा दुइवटा सब फेला परेका छन् । नाम, ठेगाना नखुलेका दुइवटा वेवारिसे सव स्थानीयले फेला पारेर प्रहरीलाई खवर गरेका छन् ।

मकवानपुरको भीमफेदी गाउँपालिका-८ मा रहेको माण्डु हाईडोपावरको डयाममा सनाख्त नभएको करिब ४० वर्षीय व्यक्तिको सब फेला परेको छ । पुरुष ब्यक्तिको शव फेला परेको हो । वेवारिसे सब पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ । भीमफेदीको माण्डु हाइड्रोपावरमा निरन्तर रुपमा सब फेला पर्ने गरेको छ । यसअघि आधा दर्जन बडी सब फेला परेका छन् । यहाँ किन देखापर्छ निरन्तर वेवारिसे सब ? भन्ने बिषयमा ठोस कारण पत्ता लगाउन सकिएको छैन ।

मकवानपुर प्रहरीले भने काठमाडौं उपत्यका क्षेत्रमा रहेका सबहरु बगाएर यहाँ ल्याउने गरेको बताउँदै आएको छ । यसैगरी मकवानपुरको बागमती गाउँपालिका-४ पाँचपाण्डमा पनि सब फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । सनाखत नभएको मागी खाई हिड्ने करिब ५५ वर्षीय मंगोलियन अनुहारको पुरुष व्यक्ति मृतअवस्थामा रहेको प्रहरीले जनाएको छ । उक्त शवलाई अहिले हेटौंडा अस्पतालको शवगृहमा राखिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

## हाम्रो कुरा

# सुन प्रकरणमा मन्त्रीको नाम जोडिएपछि

बागमती प्रदेशका एक मन्त्री दुबई (युनाइनेट अरब इमिरेट्स) बाट एककिलो सुन तस्करीमा संलग्नसँग नाम जोडिएपछि बागमती प्रदेशसभामा कुरा उठेको छ । प्रदेशसभामा शनिवारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुन प्रकरणमा मन्त्रीकै नाम जोडिएपछि सरकारसँग जवाफ माग गरेको हो । केही दिनअघि प्रहरीले बरामद गरेको करिब एककिलो सुन प्रकरणमा बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री दावादोर्जे लामाको नाम मुछिएको आरोप छ । सुन तस्करीमा संलग्न काभ्रेका तरुण दल नेता विकास लामा (फरार) सँग मन्त्री लामाको आर्थिक लेनदेनसहितको विषय र एउटा चेक प्रहरीले बरामद गरेको विषय यसअघि सार्वजनिक भएका थिए । प्रहरीले तस्करीमा संलग्न विकास लामालाई पक्राउ गर्न असफल भए पनि उनले प्रयोग गर्ने गरेको कार बरामद गरेको थियो । कारमा अरु व्यक्तिका करोडौं रकमको चेक बरामद भएको काठमाडौं प्रहरीले जानकारी दिएको छ ।

काभ्रे क्षेत्र नम्बर-१ 'ख'का प्रदेशसभा सदस्य मन्त्री लामाले दिएको ६ लाख रुपैयाँको चेक समेत विकासको कारमा फेला परेको सञ्चार माध्यमले उल्लेख गरेका छन् । यसले मन्त्री लामाको भूमिका समेत शंकास्पद ठानिएको छ । मन्त्री लामाले भने विकाससँग लामो समयदेखि भेटघाट नभएकाले चेकबारे अनविज्ञता जनाए । प्रदेशसभा बैठकको विषेश समयमा बोल्ने नेताहरुले मन्त्री लामाको नाम सुन तस्करी प्रकरणमा मुछिएको विषय सञ्चारमाध्यममा आएको भन्दै सरकारसँग जवाफ मागेका हुन् । उनीहरुले मन्त्रीको नाम उल्लेख गरेर सुन तस्करी भएको सुनिन आएकाले यस विषयमा सरकारले सदनलाई सत्यतथ्य जानकारी गराउनुपर्ने माग राखेका हुन् । यो बिषयमा चलेको हल्ला सही हो वा होइन भन्ने बिषयमा प्रदेश सरकारले सदनमा सूचित गराउनु पर्दछ । मन्त्री लामाले एक किलो सुन प्रकरणमा आफ्नो नामसमेत जोडिएको बिषयमा आपत्ति जनाएका छन् । बागमती प्रदेश सरकारका मन्त्री र नेपाली कांग्रेस जिल्ला समिति काभ्रेको सभापतिको हैसियतमा आफ्नो धेरै जनसम्पर्क हुने भन्दै उनले कुनै प्रसंगमा कसैले खिचेको तस्वीरका कारण आफ्नो नाम जोड्नु गलत हुने उनले बताएका छन् । एककिलो सुन प्रकरणमा काभ्रेका तरुण दलका नेता विकास लामा प्रहरीको खोजी सूचीमा परेका छन् । उनको गाडी प्रहरीले बरामद गरेको छ । विकाससँग सम्बन्ध रहेको भन्दै आफ्नो नाम जोडिएकामा मन्त्री लामाले आपत्ति जनाएका छन् । मलाई विवादमा ल्याउन चाहने निकृष्ट मानसिकता र दुराशयका साथ भएका यस्ता कार्यप्रति आफू सचेत रहेको उनले बताएका छन् । मन्त्री लामाले घटनाको सत्यतथ्य छानबीन गर्न र दोषीलाई कारबाही गर्न माग गरेका छन् । छानबीनका लागि आफूले पनि सहयोग गर्ने उनले बताएका छन् । नेपाली कांग्रेस जिल्ला कार्यसमिति काभ्रेका सचिवद्वय गुणराज मोक्तान र माधव ढकालले पनि विज्ञप्ति जारी गरी एक किलो सुन प्रकरणमा पार्टी सभापतिको नाम जोडिएकामा आपत्ति जनाएका छन् । उनीहरुले पनि घटना छानबीनको माग गरेका छन् ।

पछिल्ला दिनमा जनप्रतिनिधिको भनाई एकथरी ब्यवहार अर्को पाइएका कारण सर्वसाधारणलाई नेताको बोलिको बिश्वास लाग्न छोडेको छ । कतिपय वडाअध्यक्षदेखि मन्त्रीसम्मको जिम्मेवारीमा बसेका जनप्रतिनिधिले आफूलाई राजा नै सम्झने गरेका छन् । यो ब्यवहारले पनि जनप्रतिनिधिको कुरा पत्याउने वातावरण छैन । तस्करीको सेटिङ यस्तै सरकारी पदमा बसेर गर्ने गरिएको छ । जनताको सेवा गर्ने भन्दा पनि जनप्रतिनिधिको कमाउ धन्दा बढी हावी भएकै कारण जनताले नेताको कुरा पत्याउन सकेनन् । सुन तस्करीको बिषयमा सम्बन्धित निकायले सत्यतथ्य छानबीन गरी जनस्तरमा पनि सही कुरा जानकारी दिनैपर्छ । जनमतको दुरुपयोग गर्ने क्रम अहिले चुलिएको अवस्था छ । अर्कोपटक चुनाव लड्नका लागि कमाउने ध्यानमा सबै नेता लागेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २ गते मंगलबार १८ सेप्टेम्बर २०२३ । चतुर्थी, भाद्र शुक्लपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:५१, सूर्यास्त ६:०३ । ऋषिपञ्चमी व्रत (महिला मात्र) मंगल चौथी व्रत । सप्तऋषि पूजा

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रयासहरु फलदायी हुने | तुला | : लेनदेनको विवाद बढ्ने |
| वृष | : कुरा काट्नेहरु सक्रियता | वृश्चिक | : स्वास्थ्यमा सुधार हुने |
| मिथुन | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | धनु | : अध्ययनमा प्रगति हुने |
| कर्कट | : अरुको विश्वास जित्न सकिने | मकर | : रोग एवम् चिन्ता बढ्ने |
| सिंह | : चिन्ता बढ्ने | कुम्भ | : व्यवसायबाट लाभ पाइने |
| कन्या | : मान मर्यादामा वृद्धि | मीन | : जिम्मेवारी पूरा गर्न सकिने |

# यस्तो नेपाल बन्दा कसको के बिग्रिन्थ्यो ?



डम्बर खतिवडा

भनिन्छ- प्रत्येक राष्ट्रको प्रत्येक कालखण्डमा कुनै न कुनै सपना हुन्छ । कुनै सामूहिक सोच, संकल्प, दूरदृष्टि र अभिप्राय हुन्छ । जस्तो कि हिजोआज 'अमेरिकन ड्रिम्स', 'चाइना ड्रिम्स' वा 'महान् भारतका सपना' को कुरा हुन्छ ।

के नेपालको त्यस्तो कुनै सपना हुनुपर्दैन ? के हो नेप्लिज ड्रिम्स ? अर्थात् नेपाल राष्ट्रको सपना कस्तो बन्ने हो ? के बन्ने हो ? कति वर्ष वा समय-अवधिमा बन्ने हो ? त्यसको योजना के हो ? के भए नेपाल बनेको मानिने हो ? के भएर नेपाल बिग्रेको ठानिएको हो ? के यी प्रश्नको कुनै उत्तर, कुनै मानक हुनुपर्दैन ? हुनुपर्ने हो, तर छैन अहिलेसम्म ।

जब नेपाल बन्ने-बनाउने कुरा चल्छ, 'नेपाल सपना' को चर्चा हुन्छ, तीन वटा बनिबनाउ उत्तर तुरुन्तै सुन्नुपर्छ ।

एक- नेपाल यस्तै हो । यो ऐतिहासिक तवरले नै पछाडि परेको देश हो । 'सतीले सरापेको देश' यसलाई त्यसै भनिएको हैन । यसका वस्तुगत कारण छन् । नेपालको पिछडापनको कारकतत्वका रूपमा निश्चित राजनीतिक शक्ति, नेतृत्व पंक्ति वा संस्था मात्र जिम्मेवार छैनन् । उनीहरूले त सकेसम्म, आफ्नो क्षमताले भ्याएसम्म गर्न खोजेका हुन्, नसकेका हुन् । त्यसो हुनुमा स्वयं नेपालको अस्तित्व-चरित्र (एक्जिस्टेन्सियल क्यारेक्टर) जिम्मेवार छ ।

यसको भूगोल नै जटिल छ । इतिहासको अनुभव र त्यसको सञ्चिति नै जटिल छ । भूराजनीति उत्तिकै जटिल छ । आम मनोविज्ञानका पाटा, पक्षहरू जटिल छन् । ज्ञान, विज्ञान र प्रविधिको विकासक्रम अल्प छ । यी सबैको समष्टिगत प्रभाव हो- नेपालको पिछडापन । तसर्थ, नेपालको उन्नति, प्रगतिबारे धेरै चिन्तनशील र भावुक बन्न जरूरी छैन ।

दोस्रो- नेपाल मात्रै हैन, संसार नै यस्तै छ । कहाँ राम्रो छ दुनियाँमा ? कुन देशमा राम्रो छ राजनीति ? कुन देशमा छैन तानाशाही, कुन देशमा छैन अमानवीयता र अपराध ? के अमेरिका, चीन र भारतमा समस्या छैन ? के युरोपमा समस्या छैन ? के अफ्रिकामा समस्या छैन ? के मध्यपूर्व वा अरब क्षेत्रमा समस्या छैन ? समाज विकासक्रम नै यस्तै हो । किन धेरै चिन्तित र भावुक हुनुपर्‍यो ?

तेस्रो- हुँदैछ त, के हुनुपर्ने हो रातारात ? हिजो राणा, शाह, पञ्चहरूको निरंकुश शासन थियो, आज लोकतन्त्र आयो । हिजो लेख्न, बोल्न, पढ्न पाइँदैनथ्यो, आज पाइन्छ । हिजो यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य सेवा थिएन, आज हुँदैछ । हिजो मान्छेले एक धरो राम्रो लगाउन पाउँदैनथे, जुत्ता-चप्पल विना खाली खुट्टा हिंड्थे, कम्तीमा त्यति त भयो । आज मान्छेका हात-हातमा स्मार्ट फोन छन् । हुँदैछ । यही हो प्रगति, उन्नति भनेको, के चाहियो ? कति आत्तिनुपर्‍यो ? यो भएन, त्यो भएन भनेर कति गुनासो गर्नुपर्‍यो ? गज्जब हुँदैछ । यही हो हुनु भनेको ।

जब यी तीनमध्ये कुनै एक वा तीन वटै तर्क प्रणालीमा हामी विश्वास गर्दछौं- हामीलाई कुनै सपना वा योजना चाहिँदैन । क्रमिक विकासले विस्तारै सबै चिज आफैं हुन्छ, हुँदै जान्छ, जति हुन्छ वा भएको छ, त्यति नै उचित र उपयुक्त हो भन्ने विश्वासले जरा गाड्दछ ।

जब म नेपाल सपनाको कुरा गर्छु, यी तीनवटै तर्क प्रणालीलाई अस्वीकार गर्छु । अझ कठोर भाषामा भन्ने हो भने यी तीन वटै सोचलाई खारेज गरिदिन्छु । यसको अर्थ विकास, उन्नति वा प्रगति आकाशबाट झरेर, भुइँफुट्टा झैं धर्तीबाट फुटेर आउँछ भन्ने हो । हतारिएर, आत्तिएर, गुनासो वा कचकच गरेर देश छिटो बन्ने हैन । राष्ट्र निर्माण छिटो हुने हैन । तर, त्यसको कुनै निश्चित मानक त हुनैपर्छ । कुनै न कुनै योजना त हुनैपर्छ ।

'नेपाल सपना' को अर्थ यसको वस्तुगत यथार्थभन्दा बाहिर गएर बुनिने कल्पना हैन । जस्तो कि नेपाल हिजोका बेलायत, फ्रान्स, इटली, जर्मनी, रूस जस्तो, आजका भारत, चीन, अमेरिका जस्तो 'शक्ति-राष्ट्र' कहिल्यै हुँदैन । हाम्रो भूराजनीति, भूगोल र जनसंख्या आकारले नै हामीलाई 'शक्ति-राष्ट्र' बन्ने अनुमति दिँदैन ।

तर, 'शक्ति-राष्ट्र' बन्न नसके पनि हामी नोर्डिक मुलुक वा सिंगापुर जत्तिको 'समृद्ध-राष्ट्र' बन्न सक्दछौं । स्वीट्जरल्याण्ड जस्तो 'समृद्ध-समावेशी राज्य' बन्न सक्दछौं । ठीक उनीहरूकै जस्तो प्रारूपमा हैन, आफ्नै मौलिकतामा ती मानक छुन सम्भव छ । मानौं कि माथिका तीन वटा तर्क प्रणालीलाई ती देशले अवलम्बन गरेको भए, आज ती कहाँ हुन्थे ? पक्कै आजको ठाउँमा हुँदैनथे ।

नेपाल सपनाबारे मेरो पहिलो मानक के हो भने 'शक्ति-राष्ट्र' हाम्रो सपना हैन, हाम्रो सपना 'समावेशी-समृद्ध राष्ट्र' हो । भारत, चीन, रूस, अमेरिकाले आ-आफ्नो सपनाको कुरा गर्दा 'शक्ति-राष्ट्र' को अभिप्रेरणाबाट हिंड्ने हुन् । हामीले 'समावेशी-समृद्ध राष्ट्र' को सपना अवलम्बन गर्ने हो ।

नि:सन्देह राष्ट्रको सपनाको अर्थ- त्यो निश्चित समय-योजनासँग जोडिएको हुनुपर्दछ । कति वर्षमा ? कति दशकमा ? विकास, उन्नति र समृद्धिको निश्चित स्तर हासिल गर्न कति समय चाहिने हो ? सिंगापुर, चीन र दक्षिण कोरियाको उदाहरणले भन्छ- ३० वर्ष, तीन दशक । तर, पहिलो र दोस्रो दशकमै त्यसको संकेत देखिनुपर्दछ । हुने बिरुवाका पातहरू चिल्ला हुन थाल्नुपर्दछ ।

के यति समय हामीले नपाएको हो ? नि:सन्देह हैन । २०४६ यताको ३४ वर्षमा योभन्दा बढी समय बितिसक्यो । जनआन्दोलन २०६२/६३ यता नै करिब दुई दशक त बित्न लाग्यो ! भन्न सकिएला, त्यो बीचमा राजनीति नै संक्रमणमा र फयो । युद्धमा देश फस्यो, फेरि राजा ज्ञानेन्द्रको तानाशाही आयो, मधेश विद्रोह भयो, पहिलो संविधानसभा तुहियो, भूकम्प र कोभिड-१९ आयो आदित्यादि ।

यस्तो केही न केही त हरेक राष्ट्रको जीवनमा सधैं आइरहन्छ । एक क्षण यी सबै कुरा स्वीकार गरौं र सोचौं कि मानौं कि यी कुनै घटना भएकै थिएनन्, २०४७ सालको संविधान लागु भएको प्रारम्भिक वर्षहरू नेपाली कांग्रेस र नेकपा एमालेले जुन प्रकारको राजनीतिक संस्कार बनाएका थिए, जस्तो शासन, प्रशासन र आर्थिक नीति अवलम्बन गरेका थिए, के त्यसबाट ३० वर्षमा देश बन्ने कुनै सम्भावना थियो, नि:सन्देह थिएन ।

जसरी नेपाल सपनाको कुरा गर्दा 'समावेशी-समृद्ध राष्ट्र' को तस्वीर आउँछ, त्यसरी नै समयको कुरा गर्दा यसको समय-सीमा ३० वर्ष हुनुपर्दछ । ३० वर्ष खेर गइसक्यो, अबको ३० वर्ष खेर नफालौं । सन् २०५० सम्ममा के हामी विश्व औसतभन्दा माथि आयस्तर भएको देश बन्नेछौं ? बनेनौं भने हाम्रो अर्को ३० वर्ष खेर जानेछ ।

माथिमा ३ 'चित्त बुझाऊ' वादी तर्क प्रणाली सँगसँगै मैले चौथो प्रश्न पनि बारम्बार सामना गर्छु । मान्छे भन्छन्- 'ल ठीक छ, तिमीहरू समस्याको चित्रण त गर्छौ तर, तिमीहरूलाई मौका दिने हो भने बेडा पार लगाउन सक्छौ ? के हो तिमीहरूको चाहिं भिजन ? सत्तामा नहुँदा विरोध वा आलोचना त जसले पनि गर्दछ । त्यो ठूलो कुरा हो । प्रतिपक्षमा हुँदा, क्रान्ति, आन्दोलन वा विद्रोहको चरणमा हुँदा कसले गरेनन् यस्ता राम्रो, चिप्ला कुरा ? तर, ती आज के भए त ? तिमीहरू चाहिं त्यस्तै हुँदैनौ भन्ने के ग्यारेन्टी छ ? फेरि त्यही पुनरावृत्ति त हो, यदि छ भने भन तिमीहरूको भिजन के हो ? जो अहिलेको भन्दा फरक होस्, त्यसले परिणाम दिन्छ भन्ने न्यूनतम सुनिश्चितता होस् !'

यो प्रश्न यति धेरै सुनिन्छ कि लाग्छ हामीले एकअर्काप्रतिको विश्वास गुमाएका छौं । सबै उही र उस्तै हुन्, अन्तत: सबै चण्डाल नै निस्कन्छन् भन्ने अब आम सहमति जस्तै बनेको छ । कसैलाई कसैप्रति विश्वास छैन । नेता हुन, ठूलो मान्छे पल्टिन, भाइरल हुन, अलिअलि नाम र दाम कमाउन मात्र यसले ठूलो, राम्रा चिप्ला, चिल्ला कुरा गर्दैछ, त्यो पनि उही ड्याङको त हो भन्ने भावना व्याप्त छ ।

राजनीतिमा कसैलाई कसैले केही चिजको ग्यारेन्टी गर्ने कुनै आधार हुँदैन । त्यसको आधार भनेको सोच, प्रतिबद्धता, संपरीक्षण र विश्वास नै हो । ग्यारेन्टी वा विश्वास हनुमानले छाती च्यातेर देखाए जस्तो कुरा हैन । भविष्यमा 'अर्को चोर' जन्मिन्छ भनेर 'अहिलेको चोर' लाई चोर्न दिइरहने त ? चोरलाई दण्डित नगर्ने, चोरीलाई आम संस्कृति बनाउने त ? यदि यो चिन्तनमा विश्वास गर्ने हो भने नेपाल सपनाको संवाहक कहिल्यै जन्मिँदैन भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ । त्यसो गर्न सकिँदैन ।

लि क्वान यु जन्मिनुअघि धेरै सिंगापुरीलाई लागेको थियो होला, यस्तो मान्छे जन्मिँदैन । जर्ज वासिङ्गटन, लिंकन, रुजबेल्ट, केनेडी जस्ता राष्ट्रपति अमेरिकीका लागि के सहज अपेक्षित थिए ? अझ व्यक्तिमा नभएर प्रणाली, पद्धति र संस्थागत प्रक्रियाको कुरा गर्ने हो भने चीनमा देङ सिआयो पिङको सुधार र त्यसपछिको निरन्तर प्रगतिलाई के भन्ने ? भारतमा पीभी नरसिं राव र मनमोहन सिंहको आर्थिक सुधार र त्यसपछिका दिनमा भएको निरन्तर आर्थिक तरक्कीलाई के भन्ने ?

अर्थात् राम्रो नेतृत्वको जन्म, कुनै राजनेताको जन्म दुर्लभ हो वा असम्भव हैन । कठिन हो तर कुनै न कुनै विन्दुमा अनिवार्य वा अपरिहार्य हो । तर, त्यो व्यक्तिका रूपमा नायक सिनेमाको अनिल कपुर झैं आउँछ भन्ने कुरा निरर्थक हो । देङको आगमन कुनै व्यक्तिको आगमन मात्र थिएन, उनीसँग संस्थागत सुधार र नीतिगत निरन्तरताको एक नयाँ युग पनि सुरुवात भएको थियो ।

हल्लीखल्लीमा आउने एकाध मान्छेहरूले नै यो बेडा पार लगाउन सक्दैनन् । त्यसका लागि टिम चाहिन्छ । बलियो समूह कार्य चाहिन्छ । अध्ययन र उपाय चाहिन्छ । बलियो संस्थागत प्रक्रिया, विधि, पद्धति र अविच्छिन्न उत्तराधिकारप्रतिको विश्वास चाहिन्छ । नेता हुने रहर गर्ने त कति छन् कति यो देशमा !

हामीले यो बुझेनौं, बुझ्न चाहेनौं वा कम बुझ्यौं कि लोकतान्त्रिक राजनीति 'सेट अफ आइडिया' बीचको संघर्ष, प्रतिस्पर्धा र छनोट हो । तर, हाम्रो ठूलो पंक्तिले त्यो खोजेन । 'स्कुलिङ' र 'मातृ पार्टी भावना' मा विश्वास गर्‍यो । यस्तो विश्वासले मूल्यप्रणालीलाई ध्वस्त बनाउँछ र हरेक मान्छे, हरेक राजनीतिक कार्यकर्ता वा नेतालाई नैतिक संकटमा फसाइदिन्छ ।

एउटा उदाहरणमा भनौं- सुवास नेम्वाङ एक भद्र तथा शालीन नेता थिए । कानुनका विद्यार्थी थिए । संविधान र संविधानवादका ज्ञाता थिए । संसदीय प्रणालीका विशेषज्ञ र एक सक्रिय अभ्यासकर्ता थिए । तर, उनकै पार्टी नेता केपी शर्मा ओलीले दुई-दुई पटक असंवैधानिक संसद विघटन गरे, उनी मौन रहे । ओलीको विरोध गर्ने वा असहमति जाहेर गर्ने आँट किन रहेन उनीसँग ? उनको शालीनता, भद्रता, ज्ञान र विशेषज्ञताको के अर्थ भयो ?

त्यो चिकित्सक जो बिरामीको उपचार गर्न काममा आउँदैन, त्यसको के अर्थ हुन्छ ? यसको अर्थ यो हैन कि नेम्वाङ ओलीको कदम असंवैधानिक हो भन्ने बुझ्दैनथे । लोकतान्त्रिक प्रणालीमा संविधानको स्थान, न्यायिक संपरीक्षण र संविधानवादलाई उनी राम्रोसँग बुझ्थे । तर, मातृ पार्टी भावनाको कारण त्यसको विरुद्धमा जान सक्दैनथे । यसको ठूलो अर्थ के हो भने 'सेट अफ आइडिया' खण्डित भयो । जीवनका यावत् सुकर्मका बावजुद उनी संस्थागत पद्धति र प्रक्रियाका लागि सम्झौताहीन संघर्ष गर्न सक्दैनन् भन्ने पुष्टि भयो ।

मैले आफ्नो जीवनमा त्यस्ता धेरै राजनीतिक कार्यकर्ता भेटेको छु, जो मनमा एउटा विचार बोकेर अर्कै सिद्धान्तको पार्टीमा लागेका हुन्छन् । जो निश्चित एजेण्डालाई मन पराएर पनि त्यही एजेण्डाको विपरीत विचार राख्ने पार्टीलाई भोट दिइरहेका हुन्छन् ।

यो चरित्र हामीमा कहाँबाट र किन आयो ? लोकतन्त्रमा हरेक मान्छे सार्वभौम हुनुपर्ने हो । आफूलाई मन परेको विचारको पैरवी गर्न र भोट दिन स्वतन्त्र हुनुपर्ने हो ? तर, मान्छेहरू किन आफूलाई 'सेल्फ-सेन्सर' गर्न बाध्य छन् ? किनकि राजनीतिलाई हामीले मूल्यप्रणाली र 'सेट अफ आइडिया' सँग हैन, करिअर र शक्तिको ओतसँग जोड्यौं ।

मेरो नेपाल सपनाको पहिलो काम- हरेक नागरिकलाई कानुनी वा संवैधानिक रूपमा मात्र हैन, व्यावहारिक यथार्थका रूपमा स्वतन्त्र र सार्वभौम बनाउनु हो । मान्छेको राजनीतिक सोचलाई नैतिक मूल्यप्रणालीसँग जोड्नु र 'सेट अफ आइडिया' को स्वतन्त्र तथा विवेकसम्मत छनोट गर्न सक्ने बनाउनु हो । नागरिक तहमा यो आत्मविश्वास विना लोकतान्त्रिक तथा आधुनिक राष्ट्रिय-राज्य निर्माणको प्रक्रिया नै सुरुवात हुँदैन ।

माथिका प्रश्न शृंखलामा पाँचौं मनोविज्ञान पनि जोडिएर आउँछ- त्यो हो अहिलेको संविधान र यसले निर्माण गरेको प्रणाली र संरचनाहरूलाई हेर्ने दृष्टिकोण । मान्छेलाई एक प्रकारको झर्को वा झञ्झट लागेको छ- ७ वटा संविधान बनिसक्यो, अझै कतिपटक संवैधानिक परिवर्तन, सुधार र वा संशोधन गर्ने ? यही संविधानले जेजति अवसर दिन्छ, त्यहीभित्र छिरेर राम्रो काम गरे त भइगो !

हामीले के बुझेनौं भने लोकतन्त्र र संवैधानिक सुधार एकअर्काका अपरिहार्य तत्व हुन् । अमेरिकामा २७ पटक संविधान संशोधन भएको छ, भारतमा १०५ पटक । संविधान संशोधनले राम्रो गर्‍यो भने त्यससँग किन डराउनु पर्‍यो ? असंशोधनीय संविधान अररो हुने हो, त्यसलाई प्रतिस्थापन गर्न जरूरी हुन्छ । तर, यथोचित संवैधानिक सुधार गर्दै जाने हो भने त्यो लचिलो हुन्छ, त्यसले लामो समय काम गर्न सक्दछ । यो प्रश्न किन उठाएको भने अहिलेको संविधानको नेपाल सपना पूरा हुन गाह्रो मात्र हैन, असम्भव छ ।

एक त यो संविधानको स्वीकार्यता नै कमजोर छ । थुप्रै त्यस्ता राजनीतिक शक्तिहरू छन् यो देशमा जसले यो संविधानसँग प्रतिशोध लिने उपयुक्त अवसर पर्खेर बसेका छन् । दोस्रो- पहिलो संविधानसभा संविधान नै नदिइकन असफल भएको र गोरखा भूकम्पको दबाबमा हतारमा संविधान जारी गर्दा कैयौं चिज असंगत बनेका छन् । तेस्रो- संविधान कार्यान्वयन यताका अनुभव पनि त्यति गतिला छैनन् ।

कुनै देश बनाउने, बन्ने कुराका ७ वटा आधार हुन्छन् । ती हुन्-

१. वैचारिकी- दार्शनिक तथा सैद्धान्तिक अभिमुखीकरण ।
२. राजनीतिक प्रणाली- शासकीय स्वरूप र राज्य संरचना ।
३. कर्मचारीतन्त्र- स्थायी सरकारको रचना, उपयुक्तता, क्षमता र कार्य संस्कृति ।
४. राष्ट्र-निर्माणको प्रारूप: भाषिक, सांस्कृतिक, सभ्यतागत विविधतालाई कसरी समेट्ने, सबैको समान विकास, सहभागिता, आत्मसम्मान, पहुँचलाई सुनिश्चित गर्ने मोडालिटी ।
५. अर्थतन्त्रको ढाँचा, संरचना र प्रारूप ।
६. भूराजनीतिक सन्तुलन तथा अन्तर्राष्ट्रिय सम्बन्ध
७. आम मनोविज्ञान: मान्छेका सोचलाई आकारित गर्ने, आम अहंकार र आत्मसम्मानसँग सम्बन्धित विषयलाई व्यवस्थापन गर्ने एक बृहत् नैतिक मूल्य प्रणाली ।

ब यी ७ तत्व उपयुक्त, पर्याप्त, सन्तुलित र समन्वयित हुन्छन्- सुशासन, समावेशिता र समृद्धि अनिवार्य प्रतिफल हुन् । सुशासन, समावेशिता र समृद्धि आफैंमा एजेण्डा हैनन् । यी त उपयुक्त ७ तत्वको 'इनपुट' भएमा प्राप्त हुने 'आउटपुट' हुन् । अंग्रेजीमा एउटा शब्द छ- मिडियोक्रिटी । नेपालीमा यसलाई 'सामान्यतया' भन्नुपर्ने होला । यस यस्तो अनुवादले त्यसको सही अर्थ दिन सक्दैन । खासमा यसको अर्थ 'गुणवत्ताहीनता' हो । अर्थात् हुनु तर गुणस्तरीय नहुनु वा हुनुपर्ने जस्तो नहुनु ।

हिजो नेपाली समाजको समस्या 'अनुपलब्धता' थियो । स्कुल, कलेज, विश्वविद्यालय थिएनन् । सडक, यातायात, सञ्चार थिएन । लोकतन्त्र, गणतन्त्र, संघीयता थिएन । विचार अभिव्यक्तिको स्वतन्त्रता थिएन । धार्मिक, जातीय, भाषिक, सांस्कृतिक तथा सभ्यतागत स्वतन्त्रता र समानता थिएन । उदार अर्थतन्त्र र भूमण्डलीकरण थिएन ।

आज हाम्रो समस्या यी चिज नहुनु हैन, गुणवत्ताहीन (मिडियोकोर) हुनु हो । जस्तो, स्कुल छ राम्रो पढाइ नहुने, कलेज छन् विद्यार्थी खाली हुँदैछन्, गाउँमा सडक पुग्छ, गाउँमा मान्छे बस्न सक्ने अवस्था छैन, बसाइँसराइले गाउँ खाली हुँदैछन्, शहर बन्दैछन् तर अव्यवस्थित आदित्यादि ।

हामीले के बुझ्न जरूरी छ भने 'अनुपलब्धता' को बेला 'उपलब्धता' ले केही आशा दिन्छ तर 'उपलब्धता' 'मिडियोकोर' छ भने त्यसले असन्तुष्टि, निराशा, वितृष्णा र विद्रोहको भावना झनै बढाउँछ ।

आज हाम्रो जुन संविधान छ, त्यो पनि एकप्रकारको 'मिडियोकोर' संविधान हो । 'मिडियोकोर' लोकतन्त्र, 'मिडियोकोर' गणतन्त्र, 'मिडियोकोर' संघीयता, 'मिडियोकोर' धर्मनिरपेक्षता र 'मिडियोकोर' सामाजिक न्याय हाम्रो यथार्थ हो । यो समस्यालाई यस्ता प्रश्नमा राख्दा झनै प्रष्ट होला ।

त्यो लोकतन्त्र के लोकतन्त्र जुन लोकतन्त्र लोकतन्त्र जस्तो नभएर नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, लुटतन्त्र र सेन्डिकेटतन्त्र जस्तो छ ? जहाँ शक्ति सम्भ्रान्तहरूको एउटा सानो र भ्रष्ट वृत्तले सम्पूर्ण राज्य कब्जा गरेर नागरिकलाई निरीह बनाएको छ ।

त्यो गणतन्त्र के गणतन्त्र जहाँ राष्ट्रपतिदेखि वडाध्यक्षसम्मको चिन्तन, व्यवहार, कार्यशैलीमा नागरिकलाई नयाँ र छोटे राजा सामना गर्नुपरेको जस्तो लाग्दछ ?

त्यो संघीयता के संघीयता जुन संघीयतामा पहिचान, स्वायत्तता, स्वशासन, प्रादेशिक भाषिक अधिकार, वित्तीय तथा प्रशासनिक संघीयता छैन ? जहाँ सभ्यताहरू मर्दैछन्, त्यसको चिन्ता गर्दिने कोही छैन ?

त्यस्तो धर्मनिरपेक्षता के धर्मनिरपेक्षता जहाँ धर्मको नाममा दैनिक राजनीति र गालीगलौज हुन्छ ? मान्छेले स्वतन्त्रतापूर्वक आफ्ना धार्मिक आस्था र संस्कृतिहरू मान्न पाउँदैनन् ? केही खाए वा नखाएको, केही लगाए वा नलाएको निहुँमा मान्छे जेलसम्म जानुपर्छ ?

अनि त्यस्तो सामाजिक न्याय के सामाजिक न्याय जहाँ गरिब, अल्पसंख्यक, महिला, सीमान्तकृत समुदाय लगायतको उत्थानका लागि गतिलो योजना र प्याकेज बन्दैन ?

के प्रश्नहरू अनुत्तरित राखेर सुशासन, समावेशिता र समृद्धि सम्भव छ ? नि:सन्देह छैन । अर्थात् आजको हाम्रो मुख्य समस्या वा हल गर्नुपर्ने अन्तर्विरोध 'मिडियोकोर' संघीय लोकतान्त्रिक गणतन्त्रबाट कसरी मुक्ति पाउने र कसरी साँचो संघीय लोकतान्त्रिक गणतन्त्र बनाउने भन्ने हो । अनुपलब्धता हैन, 'मिडियोक्रिटी' हाम्रो मुख्य समस्या हो । हामी जे चीज छान्छौं, त्यसको गुणस्तर वा उत्कृष्टतासम्म पुग्न आवश्यक छ ।

आधुनिक सिंगापुरको निर्माता लि क्वान युले एकपटक भनेका थिए, 'सिंगापुर-सोच उत्कृष्टतासँग जोडिएको छ । उत्कृष्टता भएन भने यो देशको अस्तित्व नै नरहन सक्दछ ।'

नेपालको अवस्था ठीक त्यस्तै त हैन । अस्तित्व त यसको राणाशासन जस्तो रद्दी शासनकालमा पनि जोगिएको हो । तर, यसो भन्न सकिन्छ- 'उत्कृष्टता विना नेपाल समृद्धि सम्भव छैन ।' तर, दुर्भाग्य हामी हरेक क्षेत्रमा 'मिडियोकोर' छौं । अब एकपटक माथि चर्चा गरिएका ७ वटा बुँदामा के हुनुपर्थ्यो, के भएन भन्ने दृष्टिकोणबाट कुरा राख्न चाहन्छु, त्यो पनि तलबाट सुरु गरेर ।

सातौं- आम मनोविज्ञानको समस्या के हो भने हामी सामन्तवाद, वर्णाश्रम व्यवस्था र शक्तिपूजक संस्कृतिको बीचबाट हुर्कियौं । यी सोच पदसोपानक्रममा आधारित छन् । सामन्तवादले निश्चित वंश र परिवारलाई ठूलो र अरूलाई रैती देख्छ । वर्णाश्रम व्यवस्थाले त्यस्ता अनावश्यक जातीय तथा सामाजिक तप्का निर्माण गर्दछ । फलत: आम समाज नै 'हाइरार्कीकल' बन्न पुग्दछ । शक्ति-पूजक संस्कृतिले हिंसालाई अनुमोदन र बल प्रयोगलाई वैधता प्रधान गर्दछ । लोकतन्त्र फस्टाउन यी सबै बाधक तत्व हुन् ।

भनिँदै आएकै कुरा हो- लोकतन्त्रको सार मुख्य तीन तत्वमा अन्तर्निहित हुन्छ । स्वतन्त्रता, समानता र भ्रातृत्व । अझ त्यसमा न्याय र स्वाभिमान थप्न सकिन्छ । समानताको अर्थ सबै मानिस बराबर हुन्छन् भन्ने हैन । अनेक कारणले मानिस भिन्न हुन्छन् । तर, भिन्न भएर पनि उनीहरूको सार्वभौमसत्ता र आत्मसम्मान बराबर हो, कसैले कसैलाई हेप्न, अपमान गर्न, विभेद र वञ्चित गर्न पाउँदैन । समानताको अर्थ खासमा अवसर र सम्मानमा बराबरीको प्रयत्न गर्ने अधिकार हो ।

शक्ति पूजाले सत्यको अवहेलना गर्दछ । अहंकार क्रियाशील हुन्छ र विवेक लुप्त हुन्छ । त्यसैले नेपाल सपनाको यो पाटोमा गैरपदसोपानीय मनोविज्ञान भएको समाज निर्माण गर्ने प्रश्न जोडिन्छ । आज हामी यति धेरै 'इगोइष्ट' छौं कि सत्य र विवेकभन्दा बढी हामीलाई हाम्रै मूर्खता, अज्ञान, आग्रह, पूर्वाग्रह, अहंकार र आत्मरति प्रिय छ । *(साभार: अनलाइनखबर)*

# मुद्रास्फीतिको दबाब कायमै, खाद्य पदार्थको मूल्य वृद्धि उच्च



काठमाडौं/कोभिड-१९ र त्यसपछि रसिया-युक्रेन युद्धले गर्दा विश्वव्यापी रुपमा देखिएको आर्थिक अनिश्चितापछि अर्थतन्त्रको बाह्य क्षेत्र सबल बन्दै गएको छ । तर, मूल्य स्थायित्वमा देखिएको दबाब भने कायम रहेको छ ।

भारतमा भएको खाद्य वस्तुको मूल्य वृद्धिका साथै नेपाली बजार अनुगमन प्रभावकारी हुन नसक्दा मूल्यवृद्धि उच्च देखिएको नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट बताउँछन् । आम उपभोक्ताले पछिल्लो १९ महिनादेखि लगातार ६ प्रतिशत वा त्यसभन्दा माथिको मुद्रास्फीतिको समाना गरिरहेका छन् ।

पछिल्लो दुई आर्थिक वर्षदेखि लगातार उच्च मुद्रास्फीतिको दबाबमा रहेकोमा चालु आर्थिक वर्षको पहिलो महिनामा पनि उक्त दबाब कायमै देखिएको छ । २०८० साउनको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५२ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

नेपाल सरकारले बजेटमा उल्लेख गरेअनुसार राष्ट्र बैंकले ६ प्रतिशतको आर्थिक वृद्धि र ६.५ प्रतिशतको मुद्रास्फीतिको लक्ष्यसहित मौद्रिक नीति तर्जुमा गरेको थियो ।

तर, आर्थिक वर्षको पहिलो महिनादेखि नै मुद्रास्फीतिमा दबाब भने कायम देखिएको हो । गत आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने लक्ष्य लिएको भएपनि वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत पुगेको थियो।

यस्तै २०८० असारमा वार्षिक विन्दुगत मुद्रास्फीति ७.४४ प्रतिशत थियो । त्यसभन्दा अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा वार्षिक विन्दुगत मुद्रास्फीति ६.३२ प्रतिशत र २०७९ असारको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ८.०८ प्रतिशत थियो । साउनमा गैर खाद्य तथा सेवा समुहको मुद्रास्फीति भन्दा खाद्य तथा पेय पदार्थ समूहका मुद्रास्फीति उच्च देखिएको छ । खाद्य वस्तुको मूल्यवृद्धि नै उच्च हुँदा आम नागरिकको दैनिकी नै प्रभावित बनेको छ ।

खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत पनि मरमसला उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ४५.५६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३.२० प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १२.१९ प्रतिशत, रेष्टुरेन्ट तथा होटलको ११.०५ प्रतिशत र तरकारीको १०.८० प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । यता घिउ तथा तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकांक भने १५.१३ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १५.५५ प्रतिशत, शिक्षाको ९.१० प्रतिशत, घरायसी उपयोगका वस्तुहरुको ६.९३ प्रतिशत र फर्निसिब तथा घरायसी उपकरणहरुको ६.७९ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकका अनुसार यातायात उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकांक भने ०.८१ प्रतिशतले घटेको छ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता भट्ट मुद्रास्फीतिको दबाब भने माथि नै रहेको बताउँछन् । मुद्रास्फीतिको दबाब राष्ट्रिय कारण मात्रै नभएर अन्तर्राष्ट्रिय कारणले पनि भएको प्रवक्ता भट्ट बताउँछन्।

'खाद्यान्न लगायतका वस्तुको मूल्य सबैभन्दा ठूलो परिमाणमा आयात गर्ने भारतमा बढीरहेको देखिन्छ । जुलाई र अगस्टमा भारतमा पनि खाद्य पदार्थको मूल्य भारतमा बढेको देखिएको छ । त्यसको प्रभाव नेपालमा पनि देखिन्छ,' उनले भने, 'खाद्यान्नको मूल्यले मुद्रास्फीतिलाई ड्राइभ गरेको साउनको तथ्यांकले देखिन्छ । उपभोक्ता मूल्य सूचकांकमा ४४ प्रतिशत हिस्सा खाद्यन्नको हिस्सा छ' इन्धनको मूल्य पनि केही घटेर पुन: बढ्न लागेकोले त्यसको प्रभाव पनि मुद्रास्फीतिमा पर्ने उनले बताए । बजार अनुगमन पनि प्रभावकारी बनाउनुपर्ने उनले बताए ।

'उपभोक्ता मूल्य सूचकांकमा सबैभन्दा ठूलो रहेको वस्तुको मूल्य एकाएक बढेको छ । हाम्रो वस्तु बजारमा आपूर्ति र मागको बीचमा असन्तुलन देखिन्छ,' उनले भने, 'भारत लगायत अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धिको प्रभाव पनि वस्तु बजारमा देखिन्छ । यस्तै बजारमा अभाव सिर्जना गर्ने र एकाएक मूल्यवृद्धि गर्ने प्रवृत्तिलाई पनि नियन्त्रण गर्नुपर्ने देखिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# ५ वर्षपछि 'मायावी'बाट कमब्याक गर्दै करिश्मा



काठमाडौं/सन् २०१४ मा प्रदर्शन भएको फिल्म 'एउटा साथी'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी करिश्मा श्रेष्ठले यसपछि सन् २०१५ मा 'लभ सब' र सन् २०१८ मा 'बाबु कान्छा'मा अभिनय गरेकी थिइन् । तर, यी तीन फिल्म व्यावसायिक रुपमा सफल हुन सकेनन् । जसले गर्दा उनको करिअर पनि कमजोर बन्न पुग्यो । अब उनले ५ वर्षपछि फिल्म 'मायावी'बाट अभिनयमा पुनरागमन गर्ने भएकी छन् ।

शनिबार निर्माण टिमले एक पोस्टरमार्फत् फिल्ममा करिश्मा अनुबन्ध भएको जानकारी गराएको हो । फिल्ममा पल शाह, दीपिका प्रसाईं, सुशील सिटौला, समीम खानको पनि अभिनय रहनेछ । करिश्माको जोडी कोसँग बाँधिनेछ, त्यसबारेमा भने निर्माण टिमले केही खुलाएको छैन । कमब्याकलाई लिएर उत्साहित रहेकी उनी कथावस्तु र चरित्रले फिल्ममा काम गर्न लोभ्याएको बताउँछिन् ।

दीवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत रचना र राजुविक्रम थापाको डिओपी रहनेछ । निर्देशक भट्टराई र राज कटुवालको संयुक्त निर्माण रहने उक्त फिल्मको छायांकन असोज २ गतेबाट तालनगरी पोखरामा सुरु हुँदैछ । निर्देशक भट्टराई स्वयंको लेखन रहेको फिल्म क्रिएटिभ सिने आर्ट्सको ब्यानरमा निर्माण हुन लागेको हो ।

# 'हात्तीछाप'मा सौगात 'बोतल राजा', माघ २६ लाई रिलिज घोषणा



काठमाडौं/सिमोस सुनुवारको निर्देशनमा बनेको मल्टीस्टारर फिल्म 'हात्तीछाप'को फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी माघ २६ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ । फर्स्टलुकमा अभिनेता सौगात मल्ल मात्र फिचर्ड छन् । उनलाई 'बोतल राजा'को रुपमा चित्रित गरिएको छ । उनको लुक्स र गेटअपले आफूलाई 'राजा' ठान्ने रिसाहा पात्रको भूमिकामा उनले अभिनय गरेको हुनसक्ने बुझिन्छ ।

किरण नेपालीको प्रस्तुति रहेको फिल्ममा सौगातका साथै दयाहाङ राई, उपासना सिंह ठकुरी, बेनिशा हमाल, बुद्धि तामाङ, बिजय बराल, कमलमणी नेपाल, राजन खतिवडा, विल्सन विक्रम राई, विनोद न्यौपाने, पुस्कर गुरुङ, प्रकाश घिमिरे, कविता आले, रविन्द्र झा, रियर राई, सुष्मा निरौला, अनुप न्यौपाने, स्वस्तिका खड्का, नारायण खाती, अनिता गिरीलगायतको पनि अभिनय रहेको छ ।

काठमाडौं र पोखरामा खिचिएको फिल्मले सामाजिक कथालाई कमेडी शैलीमा प्रस्तुत गरेको छ । प्रदीप भारद्वाजको लेखन, सुशन प्रजापतिको छायांकन, आर्टमाण्डूको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, निमेष श्रेष्ठको सम्पादन रहेको फिल्मलाई आरआर फिल्मस्को वितरण गर्नेछन् । फिल्ममा अमलादेवी नेपाली र दिपक मनाङ्गेको लगानी छ भने कार्यकारी निर्माता सरोज नेपाली हुन् ।

# १२ वर्षमा विद्युत् उत्पादन २९ हजार मेगावाट पुऱ्याउने लक्ष्य, निर्यात १५ हजार




काठमाडौं/आगामी १२ वर्षभित्र विद्युत् उत्पादन क्षमता करिब २९ हजार मेगावाट पुऱ्याउने महत्वाकांक्षी लक्ष्यसहित सरकारले ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना तयार पारेको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले सरकारको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना बनाउन गठन गरेको कार्यदलले आइतबार आफ्नो प्रतिवेदन मन्त्री शक्ति बस्नेतसमक्ष पेश गरेको हो ।

कार्यदलले प्रतिवेदनमा आगामी १२ वर्ष (०३५ साल) भित्र कुल विद्युत् जडित क्षमता २८ हजार ७१३ मेगावाट पुऱ्याउने गरी लक्ष्य राखेको छ । यसमध्ये १५ हजार मेगावाट विद्युत् निर्यात हुने प्रक्षेपण प्रतिवेदनले गरेको छ । मन्त्रालयले यो प्रतिवेदन अब मन्त्रिपरिषद्रुमा लैजानेछ । मन्त्रिपरिषद्रुबाट पारित भएपछि मार्गचित्र तथा कार्ययोजना कार्यान्वयनमा जाने भएको छ ।

नेपालमा पहिलोपटक १९६८ सालमा ५ सय किलोवाट क्षमताबाट विद्युत् उत्पादन सुरु भएको थियो । आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्म राष्ट्रिय विद्युत् प्रणालीमा २८ सय मेगावाट क्षमताको विद्युत् उत्पादन भइरहेको छ । यसलाई २९ हजार पुऱ्याउने गरी सरकारले सन् २०२३-२०३५ का लागि मार्गचित्र तथा कार्ययोजना बनाएको हो । मन्त्रालयले २६ असारमा सह सचिव सन्दीपकुमार देवको संयोजकत्वमा यो कार्यदल बनाएको थियो ।

**के हो आधार ?**

विद्युत् उत्पादन भई सञ्चालनमा रहेका, विद्युत् खरिद बिक्री सम्झौता सम्पन्न भएका, कनेक्सन एग्रिमेन्ट भई पीपीए प्रक्रियामा रहेका, कनेक्सन एग्रिमेन्ट भई पीपीए प्रक्रिया सुरु हुन बाँकी रहेका, कनेक्सन एग्रिमेन्टको चरणमा रहेका र नेपाल सरकार तथा सरकारको स्वामित्वमा रहेका संस्था तथा कम्पनीबाट उक्त परिमाणको विद्युत् उत्पादन हुने प्रक्षेपण प्रतिवेदनमा गरिएको छ । प्रतिवेदनअनुसार अहिले भारतीय कम्पनीले प्रवर्द्धन गरेका ३ हजार ६७९ मेगावाट क्षमता आयोजना पाइपलाइनमा छन् ।

कनेक्सन एग्रिमेन्ट भएका आयोजनाबाट ३ हजार १०८, कनेक्सन एग्रिमेन्टको प्रक्रियामा रहेका आयोजनाबाट ५ हजार ६४८, नेपाल सरकार तथा सरकारी स्वामित्वका कम्पनीबाट अध्ययन भएका ठूला प्रकृतिका तथा विद्युत् खरिद सम्झौता प्रक्रिया सुरु नभएका ४ हजार ४३१ मेगावाट जलविद्युत् समेत पाइपलाइनमा रहेका कारण तोकिएको लक्ष्य पूरा गर्न समस्या नहुने सरकारको विश्लेषण छ ।

प्रतिवेदन अनुसार २०३५ सम्म भारत र बंगलादेशसहितका छिमेकी मुलुकमा १५ हजार मेगावाट विद्युत् निर्यात हुने प्रक्षेपण गरिएको छ । सन् २०२३ को मध्यसम्म नेपालमा प्रतिव्यक्ति विद्युत् खपत ३८० युनिट रहेको छ । यसलाई सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १५ सय युनिट पुऱ्याउने उद्देश्यसहित मार्गचित्र तथा कार्ययोजना बनाइएको छ ।

प्रतिवेदनअनुसार सन् २०३५ सम्म आन्तरिक माग १३ हजार ४६८ मेगावाट पुग्ने प्रक्षेपण गरिएको छ । सो अवधिसम्म निर्यातसहित २८ हजार ४६८ मेगावाट माग हुने र २८ हजार ७१३ मेगावाट क्षमता बराबर उत्पादनको लक्ष्य राखेर कार्ययोजना तयार पारिएको हो । ऊर्जाको माग बढ्दो क्रममा रहेको र ऊर्जा खपत हुने क्षेत्रमा विद्युतीय ऊर्जाको उपयोग उल्लेख्य रुपमा बढेको भन्दै खपतमा तोकिएको लक्ष्य पूरा गर्न सम्भव रहेको प्रतिवेदनमा उल्लेख छ ।

**आन्तरिक माग १३ हजार ४६८ मेगावाट पुग्ने प्रक्षेपण**

सरकारले नेपालभित्रको आन्तरिक माग १२ वर्षभित्र १३ हजार ४६८ मेगावाट पुग्ने प्रक्षेपण गरेको छ । यसका लागि कुल गार्हस्थ उत्पादनको वृद्धिदरलाई आधार मानिएको छ । आगामी दिनमा कृषि, निर्माण, यातायात, खानी, उत्पादन, सेवा, लगायत क्षेत्रमा खपत हुनेछ । अध्ययनमा क्षमता, प्रसारण तथा वितरण चुहावट, आउटेज र रिजर्भ मार्जिनलाई आधार मानिएको छ । घरासयी, औद्योगिक, व्यापारिक, कृषि तथा यातायात क्षेत्रमा ऊर्जाको मागलाई विद्युतीय ऊर्जामार्फत प्रतिस्थापन गर्ने लक्ष्य सरकारको रहने भएको छ । भरपर्दो विद्युत् आपूर्ति र समय सापेक्षा महसुलको व्यवस्था मिलाई उपभोक्तालाई अधिकतम विद्युत् खपतमा प्रोत्साहनको नीतिसमेत अब सरकारले लिने प्रतिवेदनमा उल्लेख छ ।

**विदेश निर्यातको लक्ष्य भेट्ने आधार के हो ?**

प्रतिवेदनअनुसार सरकारले राखेको निर्यातको लक्ष्य भेट्टाउने आधारमा भने नेपाल र भारतबीच सम्पन्न विद्युत् व्यापार सम्झौतालाई मुख्य आधार मानिएको छ । इण्डियन इनर्जी एक्सचेञ्जको 'डे अहेड' बजारबाट नेपालले १ मे २०२१ बाट सुख्खायामका महिनामा विद्युत् आयात गर्न थालेको हो । ३ नोभेम्बर २०२१ देखि वर्षातका महिनामा बढी हुने विद्युत् सोही बजारमा बिक्री सुरु भएको छ । जुन २०२३ मा नेपाल र भारतबीच १० वर्ष भित्र १० हजार मेगावाट विद्युत् भारतीय बजारमा निर्यात गर्ने गरी सम्झौता भएको छ ।

यसले नेपालमा लगानीको वातावरण तयार पार्नुका साथै अन्तरदेशीय बजार सुनिश्चित भएको प्रतिवेदनमा उल्लेख छ । अहिले ६५० मेगावाट विद्युत् भारतमा निर्यात भइरहेको छ । थप ३ सय मेगावाट विद्युत भारतीय एक्स्चेञ्ज बजारमा बिक्री गर्न सम्झौता भइसकेको छ । बंगलादेशमा समेत विद्युत् बजारका लागि बाटो खुला भइसकेको अवस्थामा निर्यातको लक्ष्य भेट्टाउन सम्भव रहेको सरकारको विश्लेषण छ ।

**स्रोत कसरी जुटाउने ?**

जलविद्युत् उत्पादनका लागि आवश्यक लगानी व्यवस्थापन गर्न सरकारले ऊर्जा संरचना निर्माणका लागि स्वदेशी पूँजीको प्रभावकारी परिचालन गर्ने भनेको छ । साथै वैदेशिक लगानी भित्र्याउन उचित वातावरण तयार पार्नेसमेत प्रतिवेदनमा उल्लेख छ । वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक संयन्त्रको पहिचान गरी त्यसको परिचालन गर्ने तथा क्लाइमेट फाइनान्सिङ जुटाउनसमेत पहल गर्ने सरकारको तयारी छ ।

यसबीचमा समस्याका रुपमा वातावरणीय अध्ययन, वन क्षेत्रको प्रयोग र जग्गा प्राप्तीलाई सरल र सहज बनाउने, प्रसारण तथा वितरण आयोजनाको निर्माणका लागि प्राविधिक क्षमताको विकास तथा वित्तीय स्रोतको उपलब्धता सुनिश्चित गरी परिचालन गर्नेसमेत सरकरको कार्ययोजना छ । काठमाडौं उपत्यकासहित ७ प्रमुख क्षेत्रको सन् २०५० सम्मको माग आपूर्ति गर्न आवश्यक प्रसारण र वितरण संरचनाको निर्माणसमेत यसै चरणमा गर्ने सरकारको लक्ष्य रहने भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कुखुराको मासुको मूल्य किलोमै ३० रुपैयाँले बढ्यो



काठमाडौं/ठूला चाडपर्व नजिकिएसँगै कुखुराको मासुको मूल्य बढाउन थालिएको छ । जिउँदो कुखुरा बिक्री गर्ने व्यवसायीहरुको संस्था राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघले एक साता अवधिमै जिउँदो कुखुराको मूल्य किलोमा २० रुपैयाँले वृद्धि गरेपछि बजारमा त्यसको असर देखिएको छ ।

जिउँदो कुखुराको मासुको मूल्य बढेसँगै ब्रोइलर कुखुराको तयारी मासुको बिक्री गर्ने खुद्रा बिक्रेताहरु मासुको मूल्य किलोमा ३० रुपैयाँले बढाएका छन् । २५ भदौमा राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघले जिउँदो ब्रोइलर कुखुराको मूल्य २५० रुपैयाँबाट बढाएर २६० रुपैयाँ बनाएको थियो ।

संघले किलोमा १० रुपैयाँले मूल्य बढाएकै दिन खुद्रा बिक्रेताले प्रतिकिलो १५ रुपैयाँले तयारी मासुको मूल्य बढाएर ३७५ रुपैयाँ पुऱ्याएका थिए । यसअघि तयारी मासुको प्रतिकेजी मूल्य ३६० रूपैयाँ थियो ।

यस्तै २७ भदौमा बिक्री संघले थप १० रुपैयाँले वृद्धि गरेर तयारी कुखुराको कोल्ड स्टोर मूल्य ३६० रुपैयाँबाट बढाएर ३७० रुपैयाँ पुऱ्याएको थियो । सातामै दोस्रो पटक मूल्यवृद्धि पछि बजारमा तयारी कुखुराको मासुको प्रतिकिलो मूल्य ३९० रुपैयाँ पुगेको छ । तर, चक्रपथ बाहिर ४१५ रुपैयाँसम्ममा तयारी मासु बिक्री भइरहेको गुनासोहरु आएका छन् ।

बजारमा माग बढेको र उत्पादनमा सीमितता भएका कारण मूल्य स्वभाविक बढेको संघका सचिव देवकुमार गिरीले बताए । उनका अनुसार भारतमा पनि कुखुराको मूल्य बढ्दा चोरी पैठारी घटेको र माग उच्च हुँदा मूल्य बढेको गिरीको दाबी छ । 'चाडबाडका कारण खपत बढेसँगै बजारमा मासुको माग बढेको छ,' गिरीले भने, 'माग बढेसँगै मूल्य बढ्नु स्वभाविक नै भयो ।'

बजारमा प्राथमिक खाद्यान्नको मूल्यमा मनपरी भइर हँदा नियमनकारी निकाय वाणिज्य विभाग भने नेतृत्वविहीन छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विभागको महानिर्देशक र अनुगमन शाखा प्रमुख हटाउने निर्णय हुने अघिल्लो दिन र हटाइसकेर नयाँ पदस्थापन नहुँदै बजारमा कुखुराको मासुको मूल्य बढेको थियो ।

तत्कालीन महानिर्देशक गजेन्द्र ठाकुर र अनुगमन शाखा प्रमुख होमनाथ भट्टराई २५ भदौमा मन्त्रालय तानिएका थिए । मन्त्रालयले विभागको नयाँ महानिर्देशकमा तिर्थ चिलुवाललाई तोकेको छ, तर उनी अझै विभागमा हाजिर भएका छैनन् ।

निजी क्षेत्र र वाणिज्य विभागले तीन वर्षअघि गरेको अध्ययन अनुसार काठमाडौं उपत्यकामा मात्रै दैनिक ५ लाख किलो तयारी मासुको खपत छ । एक सातामा किलोमा ३० रुपैयाँले मूल्य बढ्दा उपत्यकाका उपभोक्तालाई मात्रै १५ करोड अतिरिक्त भार थपिन्छ ।

# विदेशी मुद्रा सञ्चिति १५ खर्ब ७३ अर्ब पुग्यो, साढे १२ महिनाको आयात धान्न पुग्ने

काठमाडौं/आयातमा कमी र वैदेशिक मुद्रा आर्जन गर्ने प्रमुख स्रोत रेमिट्यान्समा भएको उल्लेख्य वृद्धिले बाह्य क्षेत्र सबल बन्दै गएको छ । चालु आर्थिक वर्षको पहिलो महिना साउनमा नै विदेशी विनिमय सञ्चित करिब ३४ अर्बले बढेर १५ खर्ब ७३ अर्ब १२ करोड पुगेको छ ।

२०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको विदेशी विनियम सञ्चिति २.२ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा लगातार कमजोर बन्दै गर्दा नेपाली रुपैयाँमा विदेशी मुद्राको सञ्चित बढ्दै गएपनि अमेरिकी डलरमा पनि सञ्चित बढ्दै गएको छ । साउनमा विदेशी विनियम सञ्चिति ११ अर्ब ८५ अमेरिकी डलर पुगेको राष्ट्र बैंकले जनाएको छ । असारमा ११ अर्ब ७१ करोड रहेकोमा १ महिनामा १.२ प्रतिशतले बढेको हो । २०८० साउन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१.९ प्रतिशत रहेको छ ।

# आइफोन १४ प्रो म्याक्सबाट फिल्म 'अ प्लेस अन्डर द सन' खिचिने



काठमाडौं/नेपालमा पहिलो पटक आइफोनबाट फिल्म खिचिने भएको छ । नेपालका फिल्म कलेजहरुबाट ब्याचलर पास गरेका विद्यार्थीहरुले आइफोन १४ प्रो म्याक्सबाट फिल्म 'अ प्लेस अन्डर द सन'को छायांकन गर्न लागेका हुन् । जेसन लोप्चनको निर्देशनमा बन्न लागेको फिल्मलाई प्रविन लिम्बूले छायांकन गर्नेछन् । जेसनले आइफोनबाट फिल्म खिच्न सहज नभए पनि नयाँ प्रयोग गर्न लागेको बताए ।

वान स्क्वाड फिल्म्सको प्रस्तुति रहने फिल्ममा मीन घलान, मीरा गुरुङ, अम्सु शर्मा, विप्लप गौली, प्रजन पौडेल, रिदेन श्रेष्ठ र प्रवेश एम्सीको अभिनय रहनेछ । चितवनमा ८० प्रतिशत र काठमाडौंमा २० प्रतिशत छायांकन हुने फिल्म क्राइम ड्रामामा बन्न लागेको हो ।

हलिउडका प्रख्यात निर्देशकद्वय क्वेन्टिन तारान्टिनो र स्टिभन सोडरबर्गका फिल्मबाट प्रभावित भएर फिल्म बन्ने जनाइएको छ ।

शेफर्ड कलेजबाट मिडिया एण्ड टीभीमा मास्टर डिग्री गरेका निर्देशक लोप्चनको यो पहिलो फिचर फिल्म हो । यसअघि ग्यालेक्सी टीभीबाट प्रशारण भएको 'क्राइम पेट्रोल'को निर्देशन गरेका उनले काठमाडौंका मेयर बालेन शाहको एक गीतको म्यूजिक भिडियो समेत निर्देशन गरेका छन् । 'अ प्लेस अन्डर द सन'लाई अर्को वर्ष अर्थात् २०२४ मा प्रदर्शन गर्ने योजनामा निर्माण टिम रहेको छ ।

# 'परदेशी २'को प्रचारमा नयाँ प्रयोग, नाटकमार्फत् कथासार बुझाइँदै

काठमाडौं/पछिल्ला वर्षमा नेपाली फिल्मको प्रचार एउटै शैलीको देखिँदै आएको छ । कि कलेज डुलेर विद्यार्थी फकाउने कि त मिडिया धाएर अन्तर्वार्ता दिने । विभिन्न प्रतियोगिताको घोषणा पनि बेला बखतमा हुने गर्छ । यीबाहेक प्रचारमा नयाँ प्रयोग भने हुन सकेको छैन । फिल्मप्रति दर्शकलाई आकर्षित गर्न प्रचार शैलीको निकै ठूलो भूमिका रहन्छ । तर, नेपाली फिल्म प्रचारमै चुकिरहेको अवस्था छ ।

असोज २६ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २'ले भने प्रचारमा नयाँ प्रयोग गरेको छ । सम्भवत: नेपाली फिल्मको इतिहासमा पहिलो पटक नाटकमार्फत् फिल्मको प्रचार गर्न थालिएको छ । यो फिल्मले वैदेशिक रोजगारी र विदेशमा पढ्न जानेको कथालाई उठान गरेको छ । यही विषयमा नाटक तयार पारेर फिल्मको टिमले काठमाडौंका कलेजहरुमा प्रस्तुति दिन थालेको छ ।

फिल्ममा अभिनय गरेका कलाकारहरुलाई भने नाटकमा राखिएको छैन । अरु नै कलाकारहरुलाई लिएर नाटक तयार गरिएको छ । नाटकसँगै फिल्मको गीतमा नृत्य प्रस्तुति समेत राखिएको छ । काठमाडौंका केही कलेज तथा सार्वजनिक स्थानपछि मोफसलका

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# पत्रकारमाथिको दुर्व्यबहारप्रति क्षमायाचना गर्न आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ समाजवादी प्रेस संगठन नेपाल, मकवानपुर जिल्ला समितिले पत्रकार माथि भएको दुर्व्यबहारप्रति क्षमायाचना गर्न मनहरी गाउँपालिकालाई आग्रह गरेको छ । संगठन मकवानपुरका अध्यक्ष शिवप्रसाद चौलागाईंले आइतबार विज्ञप्ति जारी गर्दै यही ३० भदौ शनिबारका दिन पत्रकार माथि भएको दुर्व्यबहारको घटनाप्रति आफूहरुको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै पालिकालाई क्षमायाचना गर्न र आगामी दिनमा प्रेस स्वतन्त्रता विरुद्धका यस्ता कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्न पनि आग्रह गरेका छन् ।

'प्रेस स्वतन्त्रता विरोधी यस घटनाप्रति तत्काल क्षमायाचना गर्न र आगामी दिनमा पत्रकार तथा सञ्चारमाध्यमको मानमर्दन एवम् प्रेस स्वतन्त्रता विरोधी कुनै पनि कार्य नगर्ने प्रतिबद्धता आमपत्रकारबीच गर्न मनहरी गाउँपालिकालाई आग्रह गर्दछौं ।' विज्ञप्तिमा भनिएको छ । पालिकाले नदीजन्यपदार्थ बिक्री वितरणमा आर्थिक अनियमितता गरेको भन्दै मकवानपुर, हेटौंडाको एक अनलाइनमा समाचार प्रकाशन भएपछि त्यसबारे आफ्नो तर्फबाट धारणा सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा पत्रकारमाथि दुर्व्यबहार भएको थियो ।

मनहरी गाउँपालिकाले लामिटारस्थित कम्पाउन्डभित्र रहेको 'ख' ब्लकस्थित सभाहलमा आयोजना गरेको पत्रकार सम्मेलनमा पत्रकार माथि भएको दुर्व्यबहारको मकवानपुर स्थित पत्रकार महासंघसहित पत्रकार सम्बन्धी संगठनहरुले विरोध जनाएका छन् ।

पत्रकार सम्मेलनका लागि निम्ता गरी पालिकाले पत्रकार लाई अघोषित बन्धक बनाउँनु अत्यन्त गैरजिम्मेवारपूर्ण कार्य भएको संगठनले ठहर गरेको छ । 'पालिकाले ढुङ्गा, गिट्टीको कर संकलनमा अनियमितता गरेको समाचार जिल्लास्थित सञ्चार माध्यममा सार्वजनिक भएकोबारे आफ्नो धारणा सार्वजनिक गर्न पत्रकारलाई निम्ता गरी कम्पाउण्डभित्र पसिसकेपछि गेट बन्द गरी अघोषित रुपमा बन्धक बनाउँने, पत्रकार बाहेक अन्य ठूलो भीड खडा गरी मनोवैज्ञानिक रुपमा आतंकित पार्ने, आरोपितलाई नै पत्रकार सम्मेलनमा जम्मा गरी त्रास उत्पन्न गर्नेजस्ता कार्य गर्नु अत्यन्त गैरजिम्मेवारपूर्ण कार्य भएको हाम्रो ठहर छ ।' प्रेस विज्ञप्तीमा भनिएको छ ।

यस्तै, स्थानीय सरकारले बोलाएका कारण कार्यक्रममा पुगेका पत्रकारलाई असुरक्षा भएपछि सुरक्षाका लागि प्रहरी नै पुग्नुपर्ने अवस्था सिर्जना हुनु गाउँपालिका नेतृत्वको कमजोरीको पराकास्ठा हो भन्दा फरक नपर्ने समेत समाजवादी प्रेस संगठनले बताएको छ । संगठनले भनेको छ, 'यो घटना मकवानपुरे सञ्चारकर्मी र सञ्चारमाध्यमका लागि अत्यन्त दु:खद्, खेदजनक, घृणित र हतास मनस्थितिको उपज हो ।'

सञ्चारमाध्यमप्रति यस प्रकारको निन्दनीय घटना हुँदा समेत पालिकाको नेतृत्वलाई कुनै कमजोरी महसुस नहुनु, घटनापछि लज्जाबोध नहुनु र पालिकाको तर्फबाट क्षमायाचना नहुनु गैर जिम्मेवारीपना नै भएको संगठनद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

# शिक्षक संगठन महिलाविभागको तीज विशेष



साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला महिला विभाग मकवानपुरद्वारा आयोजित तीज विशेष कार्यक्रम सम्पन्न भएको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरकी महिला उपाध्यक्ष तथा महिला विभाग संयोजक प्रतिमा गौतमको अध्यक्षता रहेको कार्यक्रम नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समिति सदस्य लक्ष्मी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

'सांस्कृतिक पर्व तीजमा बढ्दो विकृति' विषयमा विमर्श भएको कार्यक्रममा म्युजिकल चियर, सामूहिक हाजिरी जवाफ प्रतियोगिताका साथै सामूहिक नृत्य समेत प्रस्तुत भएको थियो । नेपाल राष्ट्रिय शिक्षक संगठन निवर्तमान केन्द्रीय सदस्य पद्मा पौडेलको विशेष आतिथ्यमा भएको कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती प्रदेश सदस्य सुनिल गौतम, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका जिल्ला अध्यक्ष श्रीराम दाहाल, पेसागत महासंघका केन्द्रीय सदस्य माया पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका सल्लाहकार अक्रुर गौतम, शिक्षक महासंघ मकवानपुरका उपाध्यक्ष लक्ष्मी चौलागाईं, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर उपाध्यक्ष कृष्ण पौडेल, सचिव मुकुन्द न्यौपानेको आतिथ्य रहेको थियो ।

बकैया गाउँपालिकाकी पहिलो उपाध्यक्ष सरला बोलखे तथा गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठकले सांस्कृतिक पर्व तीजमा बढ्दो विकृति बिषय माथि आफ्नो बिचार राखेका थिए । विचार राख्दै बोलखेले 'तीज मनाउनु नै गलत नभई भड्किलो र खर्चिलो बनाउनु गलत रहेको' धारणाा राखिन भने पाठकले 'हामी वैचारिक विमर्श गर्छौं छलफल गर्छौं तर, त्यसलाई छाडेर सामाजिक सञ्जालमा खाएको र नयाँ साडीमा नाचेको कुराको प्रचार गर्छौं, यसले नकारात्मकता थपेको' विचार राखेकी थिइन् ।

महिला विभाग सचिव चन्द्रादेवी लामाबलले सञ्चालन गरेको कार्यक्रमको स्वागत नेपाल राष्ट्रिय शिक्षक संगठनकी कोषाध्यक्ष भावना सापकोटाले गरेकी थिइन् । हाजिरी जवाफ प्रतियोगिताको लागि प्रश्न सोध्ने कार्य नेपाल राष्ट्रिय शिक्षक संगठन सहकोषाध्यक्ष सबिता लामिछानेले गरेकी थिइन् । प्रश्नका सहीउत्तर मिलाई शिक्षक नम्रता बिंडारी पोखरेल, सावित्री अधिकारी, राधिका सापकोटा, शालिकराम घिमिरे, सुनिता घिमिरे, गोपिरमण प्याकुरेल विजेता भएका थिए । यसैगरी कार्यक्रममा भएको म्युजिकल चेयर प्रतियोगितामा राधा गौतम, विष्णुमाया नगरकोटी र शारदा दुलाल क्रमश प्रथम, द्वितीय र तृतीय भएका थिए ।

# तस्करका जुक्तिले गाडिभित्र लुकाएको गाँजा भेट्न प्रहरीलाई हम्मेहम्मे !

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ गाँजालगायतका लागूऔषध लुकाउन तस्कर र भरियाहरुले अपनाएको अनेक जुक्तिले सामान्वय व्यक्ति मात्र नभई प्रहरी नै चकित पर्ने गर्दछ ।



प्रहरीलाई लागूऔषध तस्करी भइरहेको सुराकी आए पनि लागूऔषध लुकाएर ल्याएको ठाउँ खोज्न हम्मेहम्मे पर्ने गरेका घटना धेरै छन् । आइतबार हेटौंडामा यस्तै एउटा घटना घट्यो । हेटौंडास्थित सशस्त्र प्रहरीलाई पनि गाडिभित्र लुकाएर ल्याएको भनिएको गाँजा खोज्न मुस्किल नै पर्‍यो । गाडीचालक र सहचालक भनिएका दुईजना भारतीयले चुँइक्क नबोल्नु र गाडीको हरेक क्षेत्रमा हेर्दा पनि तस्करी भएको गाँजा नभेट्नु रोचक नै थियो । 'हामीले चालकदल बस्ने ठाउँ, फल्स बटम बनाउने ठाउँहरु हेर्दा तस्करी भएको भनिएको गाँजा भेटिएन । पछि मात्रै पत्ता लगायौं ।', पत्रकार सम्मेलनमा सशस्त्र प्रहरी बल १४ नम्बर गण हेडक्वाटर मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक अनिल कार्कीले भने ।

कार्कीका अनुसार सशस्त्र प्रहरीले सम्भवत: जिल्लामै हालसम्मकै ठूलो परिमाणको लागूऔषध गाँजा बरामद गरेको छ । भारतीय मालबाहक गाडी एनएल ०१ एसी २१४४ नम्बरको डिब्बाबाट गाँजा बरामद गरेको हो । ६० वटा पोकामा ४७ वटा 'ए' ग्रेडको गाँजा र बाँकी पोका 'बी' ग्रेडको गाँजा बरामद गरेर जनपथ प्रहरीलाई जिम्मा लगाइएको सशस्त्र प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए । विशेष सुराकीका आधारमा सशस्त्र प्रहरीले ३१ भदौ आइतबार गाडीसहित दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा भारत बलरामपुर विर्तापुर निवासी चालक करिब ४५ वर्षका दुलारे यादव र सहचालक योगेश शर्मा रहेको एसपी कार्कीले बताए ।

डिब्बा गाडीको भित्रि भागमा फल्स बटन बनाएर गाँजा तस्करी गर्न लागिएको थियो । जुन फल्स बटम सहजै अनुमान गर्न सकिने गरी बनाइएको थिएन । गाडिमा सामान लोर्ड गर्ने क्षेत्रमा ६० वटा पोका अट्ने गरी फलामलाई वेल्डिङ गरेर फल्स बटम बनाइएको एसपी कार्की बताउँछन् । 'सुरुमा सबैतिर खोज्दा पनि गाँजा भेटिएन । प्रारम्भिक जाँच गर्दा केही फेला नपरेको हो । पछि गाडीको डिब्बाको कुल लम्बाई र सामान लोड गर्ने भागको लम्बाई नाप्दा चालक पछाडिको भागमा (डिब्बाको मुखतर्फ) दुई फिट भाग बढी पाइयो । त्यसपछि त्यही लुकाएको शंका लागेर ६ इञ्च फलामम तोडेर हेर्दा गाँजा लुकाइएको रहेछ ।', कार्कीले भने ।

प्रहरीलाई डिब्बा तोड्नै १ घटना लागेको थियो । गाँजाको नापतौल गर्नै आधाघण्टा लागेको सशस्त्र प्रहरीले हालसम्मकै ठूलो अप्रेशन गरेको दाबी गरेको छ । सशस्त्र प्रहरीले हप्तादिन अगाडि रातोमाटे नजिकबाट टाटासुमोमा लुकाएर ल्याइएको गाँजा पनि बरामद गरेको थियो । आइतबार भारतीय डिब्बाले ल्याएको गाँजा चितवनको खुरखुरेबाट लोर्ड भएको थियो । गाँजा तस्करीमा एकजना नेपालीको संलग्नता खुलेको र अनुसन्धान भइरहेको एसपी कार्कीले जानकारी दिए । गाडीले नेपालमा मकै लोड गरेर ल्याएको भनिए पनि गाँजा तस्करीकै लागि भारतबाट खाली डिब्बा आएको हुनसक्ने प्रहरीको अनुमान छ ।

यस घटनाक्रमले पनि मकवानपुर हुँदै भारततर्फ लागूऔषध गाँजा र अफिम तस्करी कसरी भइरहेको छ भन्ने यथार्थतालाई देखाएको छ । 'हामीले पनि सुराकी आएर पक्राउ गर्न सफल भएका हौं । यति जुक्ति लगाएर लागूऔषध तस्करी भइरहेको पाइन्छ । हामीलाई सुराक नै नभएको अवस्थामा तस्करीका अनेक जुक्तिले कति लागूऔषध भारत तस्करी भइरहेको छ भनेर अनुमान लगाउन सक्छौं ।', एसपी कार्की भन्छन् ।

# राक्सिराङलाई सीताअशोकको 'सिड सेन्टर' बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ राक्सिराङ गाउँपालिका-३ लाई सीताअशोकको बीउकेन्द्र बनाउने गरी धमाधम बृक्षरोपण गरिएको छ । डिभिजन वन कार्यालय राप्ती मनहरीको नर्सरीमा यसबर्षबाट पहिलोपटक उत्पादन गरिएको सीताअशोकको बिरुवा राक्सिराङ गाउँपालिका-३ का विभिन्न धार्मिक, पर्यटकीय र सार्बजनिक जग्गाहरुमा रोप्न थालिएको हो ।



शनिबार बिहान मात्रै राक्सिराङ गाउँपालिका-३ जलपरी झरनास्थित खाली भूभागहरुमा सीताअशोकको बिरुवा रोपिएको छ । स्थानीय सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूहको अगुवाईमा डिभिजन वन कार्यालय राप्ती मनहरीसँगको समन्वयमा झरना परि सरमा ३ सय बिरुवा रोप्ने उद्देश्यसहित बृक्षरोपण थालिएको सामुदायिक वनका अध्यक्ष ज्ञानेन्द्र तामाङले बताए ।

उनका अनुसार स्थान हेरेर जलपरी झरना परिसर, सिमपानी देवकोट सरिखेत मोटरबाटोका किनारातर्फ बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ । राक्सिराङ-३ कै भन्याङकाली सामुदायिक वन उपभोक्ता समूहको अगुवाई सीताअशोक बाटिकाछेउदेखि सूर्योदय माविको तल्लो भवन परिसरसम्म सीताअशोकको बिरुवा रोपिएका छन् । सीता अशोक बाटिकादेखि विद्यालय परिसरसम्मको सार्बजनिक नहरको छेउमा सीता अशोकको बिरुवा रोपिएको वन समूहका अध्यक्ष केशव भारतीले बताए ।

सीताअशोकबाटिकामा यसअघि करिब एक सयबर्ष पुरानो ठानिएको सीताअशोकका तीनदर्जन बढी पुराना रुखहरु रहेका छन् । अशोकघारी नामले परिचित यो स्थानमा भगवान सीता र उनको रेखदेख गरेकी त्रिजटा (राक्षसपक्ष) को प्रतिमा समेत स्थापना गरिसकिएको छ । 'हामीले राक्सिराङ-३ लाई सिड सेन्टरको रुपमा विकास गर्न खोजिरहेका छौं', डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख बिष्णुप्रसाद आचार्यले भने-'जलपरी झरना, सीताअशोकबाटिका, स्थानीय गुम्बा, चौतारी र सार्बजनिक जग्गाहरुमा सीताअशोकको बिरुवा रोप्नका लागि पहल र सहजीकरण गरिरहेका छौं ।'

सीताअशोकको बिरुवा नहुने भूगोलहरुमा भने छतिवन, दार, चिउरीलगायतका बिरुवा रोप्न प्रेरित गरिएको उनले बताए । सीताअशोकबाटिका अगाडिको तटबन्धनलाई लक्षित गरी चुर्लिङ बगरक्षेत्रमा २ सय ५० भन्दा बढी छतिवनको बिरुवा रोप्ने गरी भन्याङकाली सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय भइरहेको उनले बताए । 'धार्मिक हिसावले, आयुर्वेदिक हिसावले पनि हामीले सीताअशोकको हब राक्सिराङ-३ लाई बनाउन खोजेका छौं', आचार्यको भनाई छ-'हामी सीताअशोकको बीऊमा निर्भर हुने र भारतीय धार्मिकपर्यटकलाई यहाँ आकर्षित गर्न चाहेका छौं ।'

# रेडियो मकवानपुरद्वारा शान्ति र योञ्जनलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरे साहित्यकार शान्ति प्रियबन्दना र सहकारीकर्मी बाटुकुमारी योञ्जनलाई जागरुक महिला सम्मान २०८० प्रदान गरिएको छ । सामुदायिक रेडियो, रेडियो मकवानपुरले महिलाहरुको पर्व हरितालिका तीजको अवसरमा शनिबार एक कार्यक्रमकाबीच दुई जनालाई जनही नगद १० हजार रुपैयाँसहित जागरुक महिला सम्मान प्रदान गरेको हो ।

साहित्य र सहकारीको क्षेत्रबाट महिला शक्तिकरणमा योगदान पुर्‍याएको भन्दै उनीहरुलाई सम्मान गरिएको आयोजकले जानकारी दिएको छ । सम्मानपछि मन्तव्य व्यक्त गर्दै साहित्यकार बन्दनाले रेडियोले गर्दै आएको भूमिकाको प्रसंशा गरिन् । अहिले पनि समाजमा महिलाहिंसा र थिचोमिचो कायमै रहेको भन्दै उनले महिलालाई गरिने यस्ता सम्मानले अरुलाई पनि हौसला मिल्ने बताइन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना, बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीलगायतले नगदसहित सम्मानपत्र प्रदान गरेका हुन् । रेडियोले स्थापनाकालदेखि नै तीजको सन्दर्भमा दुई महिलालाई जागरुक सम्मान प्रदान गर्दै आएको रेडियोका अध्यक्ष पराजुलीले जानकारी दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै कांग्रेस केन्द्रीय सहमहामन्त्री डीनाले चाडपर्वमा अनावश्यक खर्च नगर्न अनुरोध गर्दै संस्कृतिको जगेर्ना गर्ने गरी मनाउन आग्रह गरिन् । चाडपर्वको नाममा अनावश्यक विकृति भित्रिएको भन्दै उनले चिन्ता समेत व्यक्त गरिन् । यस्तै, कार्यक्रमका सहभागीमध्ये तीनजनालाई लक्की ज्वेलर्सले गोलाप्रथामार्फत् सुनचाँदीको गहना समेत प्रदान गरेको थियो ।

रेडियो सञ्चालक समितिका अध्यक्ष पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका-१६ का वडाध्यक्ष रामकृष्ण कोइराला, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य राजन दाहाल खुसराज, दिव्यतारा सहकारीका अध्यक्ष डा. गणेश बल लामा, हिमराइट्स मकवानपुरका कार्यक्रम संयोजक कुमारी वाइबा, रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# बालकुमारी कराते केन्द्रीय उपाध्यक्षमा मकवानपुरका श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/नेपाल बालकुमारी कराते संघको दोस्रो साधारणसभा तथा अधिवेशनबाट केन्द्रीय उपाध्यक्ष पदमा मकवानजपुर जिल्लाका प्रशिक्षक विष्णु श्रेष्ठ निर्विरोध चयन भएका छन् ।

नेपाल फुलकन्ट्र्याक्ट कराते महासंघका अध्यक्ष सालिकराम कुवरको प्रमुख आतिथ्यता र केन्द्रीय अध्यक्ष श्याम महर्जनको सभाध्यक्षतामा ललितपुरमा सम्पन्न साधारण सभाबाट मकवानपुर जिल्लाका प्रशिक्षक शुदर्शन खतिवडा र खेलप्रेमी नम्रता लामा केन्द्रीय सदस्य चयन भएका छन् ।

साधारणसभाले दोस्रो कार्यकालको लागि पुन: श्याम महर्जनको अध्यक्षतामा २१ सदस्यीय केन्द्रीय समिति निर्विरोध चयन गरेको मकवानपुर क्योकुशिन कराते संघका अध्यक्ष बुद्धिनाथ न्यौपानेले बताए ।

# पोखरामा लुकेर बसेका मनहरीका तामाङ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/गएको असार १४ गते मोटरसाइकल छाडेर भागेका मनहरी गाउँपालिका ७ र मन्टार निवासी सुवास तामाङलाई प्रहरीले पक्रेर इलाका प्रहरी कार्यालय मनहरी ल्याएको छ ।




असार १४ गते राक्सिराङ गाउँपालिका-५ मा चैनपुर प्रहरी चौकीले चेकजाँच गर्ने क्रममा बा ५३ प ४५३९ नम्बरको मोटर साइकल छाडेर सुवास बेपत्ता भएका थिए । मोटरसाइक्ल चालक प्रहरीलाई झुक्याएर भागेपछि चेकजाँच गर्दा मोटरसाइकलबाट ३ केजी ४६० ग्राम अफिम फेला परेको थियो । सोही मोटरसाइकल पछाडि बसेका प्रल्हाद दर्जीलाई समेत प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ । दर्जी भवानी माध्यमिक विद्यालयका शिक्षक हुन् ।

मोटरसाइकल छाडेर भागेका सुवास लुकिछिपी पोखरा बसिरहेको सुराकी पाएको आधारमा इलाका प्रहरी कार्यालय मनहरीको टोली पोखरा पुगेर पक्राउ गरी ल्याएको स्रोतले बताएको छ । सुवासलाई पक्राउ गर्न प्रहरी निरीक्षक दीपक थापा नेतृत्वको टोलीले २ दिन पोखरामा बिताएको बताइएको छ । यद्यपि घटनाबारे प्रहरीले औपचारिक जानकारी दिएको छैन ।

विद्यालयबाट तलब पेश्की बुझेर मोटरसाइकलमा लिफ्ट मागी मनहरी-७ स्थित घरतर्फ आइरहेका शिक्षक दर्जीको साथबाट ५० हजार रुपैयाँ नगद समेत बरामद भएकाले उनको संलग्नताका सम्बन्धमा प्रहरीले हिरासतमा राखी अनुसन्धान गरिरहेको थियो ।

मोटरसाइकल चालकलाई नै प्रहरीले पक्रेपछि अब सत्य कुरा सार्बजनिक हुने र लिफ्ट मागेर घरतर्फ आइरहेका शिक्षकले न्याय पाउने अपेक्षा गरिएको छ ।

यद्यपि, सुवासको गिर फ्तारीसँगै उसले दिने बयानलाई आधार मानेर लागूऔषध नियन्त्रण ऐन २०३३ बमोजिमको मुद्दामा सर कारी वकिल र जिल्ला अदालतको आदेश र सहजीकरण के कस्तो रहनेछ हेर्न बाँकी छ । निदोष शिक्षकलाई फसाउन खोजिएको भन्दै कैलाश गाउँपालिका जनप्रतिनिधिहरु, दलित समुदाय र उनका शुभचिन्तकहरु आन्दोलित भएका थिए । दर्जी भन्याङकाली पन्चेबाजा समूहका सदस्यका रुपमा समेत सक्रिय रही राम्रो बाद्यवादक र सुत्रधारका रुपमा रहेका ब्यक्ति हुन् ।

## नमूना प्रगति साकोसको अध्यक्षमा पुन: दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/हेटौंडा-२ देवीपथमा रहेको नमूना प्रगति बचत तथा ऋण सहकारी संस्थाको २३ औं वार्षिक साधारणसभाले पुन: मीठाराम दाहालकै अध्यक्षतामा नयाँ समिति चयन गरेको छ ।

शनिबार भएको सभाले दाहालको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । अधिकांश समिति पुन: सोही पदमा रहेका छन् भने केही नयाँ सदस्य पदमा चयन भएका छन् । संस्थाको उपाध्यक्षमा प्रदेशसभा सदस्य समेत रहेका एकालाल श्रेष्ठ, सचिवमा रामजी सापकोटा, कोषाध्यक्षमा केशवप्रसाद देवकोटा चयन भएका छन् ।

संस्थाको सदस्यहरुमा कृष्णप्रसाद दाहाल, शिवराज पराजुली, रमेशप्रसाद घिमिरे, सरिता शर्मा, कमलादेवी दहाल, नारायणप्रसाद ढकाल, अर्जुनकुमार खड्का, बलराम दुलाल र शिवहरि दाहाल चयन भएका छन् । संस्थाको लेखा समिति संयोजकमा तेजप्रसाद रुपाखेती र सदस्यहरुमा प्रकाश अधिकारी र गीता सुवेदी चयन भएका छन् । सबै पदमा सर्वसम्मत नेतृत्व चयन भएको निर्वाचन समितिले जनाएको छ ।

# स्मारक समिति अध्यक्षमा फेरि पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, ३१ भदौ/ मकवानपुरको प्रमुख पर्यटकीयस्थलको रुपमा रहेको सहिदस्मारक विकास समितिको अध्यक्षमा फेरि पनि डोर मणि पौडेल चयन भएका छन् ।



३१ भदौ आइतबार भएको सहिदस्मारक विकास समितिको १४ औ परिषद बैठक तथा अधिवेशनबाट पौडेलको नेतृत्वमा नयाँ समिति पुन:गठन भएको हो । बागमती प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहेका पौडेल स्मारक स्थापनादेखि नेतृत्वदायी भूमिकामा छन् । उनकै योजना र नेतृत्वमा स्मारक समिति जिल्लाकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा स्थापित भएको सरोकारवालाहरु बताउँछन् । स्मारकसमितिमा जिल्लाका आन्तरिक पर्यटकदेखि चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, भारतको बिहारसम्मका पर्यटकहरु घुम्न आउने गरेका छन् ।

स्मारक विकास समितिको सदस्यमा नवीन सिग्देल, विष्णुगोपाल महर्जन, रघुनाथ खुलाल, प्रताप विष्ट, रामचन्द्र राइ, कृष्णप्रसाद उप्रेती, कृष्णराम न्यौपाने, दीपक उप्रेती, अनन्त पौडेल, बद्री लम्साल, विष्णु खनाल, अक्कलबहादुर क्षेत्री, दीपक पराजुली, गोविन्द अर्याल, मनोजकुमार सुवेदी, रामेश्वर राना, नर्मदा विडारी पोखरेल, पद्मा पौडेल, सर्मिला डंगोल, सन्तोष चौलागाई, बलराम अधिकारी, इन्द्रप्रसाद नेपाल चयन भएका छन् ।

यसैगरी, सहिदस्मारक समितिको लेखासमिति संयोजकमा अन्जनप्रसाद पौडेल चयन भएका छन् । लेखासमिति सदस्यमा नकुलबहादुर क्षेत्री र भगवान ढकाल चुनिए । अनुगमन समिति संयोजकमा तुलसी रिजाल र सदस्यमा गणेशकुमारी श्रेष्ठ र सन्तोष विडारी चयन भएको विकास समिति सदस्य सन्तोष चौलागाईंले जानकारी दिए ।

हार्दिक बधाई तथा शुभकामना



नेपाल बालकुमारी क्योकुशिन कराते संघको दोश्रो केन्द्रिय साधारणसभाबाट यस संघका प्रशिक्षक **बिष्णु श्रेष्ठ** उपाध्यक्षमा, प्रशिक्षक **सुदर्शन खतिवडा** सदस्यमा र खेलप्रेमी बहिनी **नम्रता लामा** सदस्य पदमा निर्बिरोध चयन हुनुभएकोमा बधाई एवम् सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**बुद्धि नाथ न्यौपाने (अध्यक्ष) एवम्**

**मकवानपुर क्योकुशिन कराते संघ, बालकुमारी IKO UNION परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना